का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २०२

❑ २१ भदौं २०७८, सोमबार

❑ 6 September 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



भक्तपुरको मध्यपुरथिमि मरुटोलस्थित हिरण्यवर्ण महाविहारमा पञ्चदानका लागि प्रदर्शनीमा राखिएको दीपशंकर पूजा गरिँदै । तस्बिर : रासस

## प्रदेश–२ र सुदूरपश्चिम

# एमाले भन्दा एकीकृत समाजवादी ठूलो

सुदूरपश्चिम र प्रदेश–२ मा भने एमाले भन्दा नेकपा (एकीकृत समाजवादी) ठूलो दल बन्न पुगेको छ । प्रदेश–२ मा २१ मध्ये ११ जना एकीकृत समाजवादीमा गएका छन् भने सुदूरपश्चिमको २५ मध्ये १३ जनाले एमाले छोडेका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

नेकपा एमाले विभाजन भएपछि जनप्रतिनिधिहरुलाई दल रोज्न निर्वाचन आयोगले २२ भदौसम्मको समय दिएको छ । आयोगले दिएको समयअनुसार, प्रदेशसभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरुले एमाले छोडेर एकीकृत समाजवादी तर्फ सनाखत गरिरहेका छन् । प्रदेशसभामा लगभग दल रोज्ने क्रम मोटामोटी सकिएको छ ।

जसअनुसार, प्रदेश २ र सुदूरपश्चिममा भने एमाले भन्दा एकीकृत समाजवादी दल ठूलो बनेको छ । सुदुरपश्चिम प्रदेशसभामा आइतबार थप तीन एमाले प्रदेशसभा सदस्यले एकीकृत समाजवादी तर्फ सनाखत गरेका छन् । एमालेबाट प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्री रहेका दीर्घबहादुर सोडारी, पूर्वराज्यमन्त्री प्रकाश रावल र पूर्व प्रमुख सचेतक तारालामा तामाङले एकीकृत समाजवादी रोजेका हुन् । प्रदेश निर्वाचन कार्यालय धनगढी पुगेर उनीहरुले नयाँ दल तर्फ उभिने सनाखत गरेका हुन् ।

सोडारी कैलाली र तामाङ कञ्चनपुर एमालेका अध्यक्ष थिए । योसँगै एकीकृत समाजवादी तर्फ सनाखत गर्ने प्रदेशसभास सदस्य संख्या १३ पुगेको छ । एमाले काँगेससँग हाराहारीको शक्तिमा झरेको छ । ५२ सदस्यीय प्रदेशसभामा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रसँग १३/१३ प्रदेशसभा सदस्य बन्न पुगेको छ भने काँग्रेस र एमालेसँग समान १२/१२ सांसद संख्या कायम भएको छ । विभाजन अगाडि सभामुख सहित २५ सांसद सहित एमाले पहिलो दल थियो ।

एमाले विभाजनपछि आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशी, सामाजिक विकासमन्त्री लालबहादुर खड्का, राज्य मन्त्रीद्वय चुनकुमारी चौधरी र मनाकुमारी साउँद, एमाले संसदीय दलका प्रमुख सचेतक दुर्गाकुमारी कामी, पूर्वमन्त्री माया भट्ट, सुशीला बुढाथोकी, अमरबहादुर साउँद, कुलवीर चौधरी र बलबहादुर सोडारी नयाँ दलमा लागेका छन् ।

सुदूरपश्चिम जस्तै प्रदेश २ मा पनि एमाले भन्दा एकीकृत समाजवादी ठूलो दल बनेको छ । यो प्रदेशमा एमालेका २१ बाँकी पृष्ठ २ मा

# दश बुँदेमा आशंका !



“१० बुदे कार्यदलले दिएको सुझाव हो पार्टीको निर्णय होइन । कार्यान्वयन गरिरहँदा यो यान्त्रिक ढंगले हुँदैन् । सिर्जनात्मक ढंगले हुन्छ”, महासचिव ईश्वर पारखेलले भने ।

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले दश बुँदे सहमति जस्ताको त्यस्तै कार्यान्वयन नहुनेब ताएका छन् । पार्टी एकताका लागि जुटेको दश बुँदे र स्थायी कमिटी बैठकको निर्णय जस्ताको त्यस्तै कार्यान्वयन हुन नसक्ने पोखरेलले बताए ।

एमालेमा गएको २७ असारमा दश बुँदे सहमति जुटेको थियो । स्थायी कमिटीका दश नेताले दश बुँदे सहमति जुटाएका थिए । तर त्यो दश बुँदे कार्यान्वयन भएन । फेरि ७ भदौमा दश बुँदे सहमति कार्यान्वयन गर्ने अध्यक्ष केपी शर्मा ओली र पूर्व माधव समूहका दश नेता बीच सहमति भएको थियो । उक्त सहमति पछि ८ भदौमा बसेको स्थायी कमिटी र १० भदौमा बसेको केन्द्रीय कमिटी बैठकले दश बुँदे सहमति कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

उक्त निर्णयले एमाले पार्टी संरचना २ जेठ २०७५ अगाडिको अवस्थामा फर्किएको थियो । तर महासचिव पोखरेलले दश बुँदे सहमति कार्यान्वयन गर्ने स्थायी कमिटी र केन्द्रीय कमिटी बैठकले गरेको निर्णय बिपरीत अभिव्यक्ति दिएका हुन् । पोखरेलले एमालेलाई अदालतले कानूनी रुपमा २ जेठ २०७५ अगाडिको अवस्थामा फर्काए पनि यान्त्रिक ढंगले कार्यान्वयन नहुने बताए ।

पोखरेलको अभिव्यक्तिले एमाले अर्को तरंग ल्याएको छ । शुक्रबार मात्रै दश बुँदे सहमति बिपरीत कानून व्यवसायीहरुको कार्यक्रम आयोजना गरिएको भन्दै विवादित बनेको थियो । उक्त कार्यक्रम विवादित भएपछि अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्ने तयारी भएको कार्यक्रममा उनी गएका थिएनन् । ओली अनुपस्थित भएपछि संसदीय दलका उपनेता सुवास नेम्वाङले कार्यक्रमलाई सम्बोधन गरेका थिए ।

यसको दुई दिनपछि महासचिव पोखरेलले दश बुँदे जस्ताको तस्तै कार्यान्वयन नहुने बताएका हुन् । “१० बुदे कार्यदलले दिएको सुझाव हो पार्टीको निर्णय होइन । कार्यान्वयन गरिरहँदा यो यान्त्रिक ढंगले हुँदैन् । सिर्जनात्मक ढंगले हुन्छ”, पोखरेलले भने ।

गएको १० भदौको केन्द्रीय कमिटी बैठकमा पनि पोखरेलले दश बुँदे सिर्जनात्मक ढंगले कार्यान्वयन हुने बताएका थिए । बाँकी पृष्ठ २ मा

# कुवेतले भिजिट भिसा खुला गर्ने

## मलेसियाबाट आयो ८ शव र १२ अस्तु

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

कुवेतले केही समयपछि भिजिट भिसा खुला गर्ने भएको छ । कुवेतले करिब आधा वर्षको अन्तरालमा भिजिट भिसा खुला गर्न लागेको हो । कुवेतको आन्तरिक मन्त्रालयका अनुसार कुवेतले पारिवारिक, व्यापारिक र यात्रा प्रयोजनका लागि भिजिट भिसा जारी गर्दै आएको छ । अरब टाइम्सका अनुसार आगामी अक्टोबर शुरुदेखि नै भिजिट भिसा खुला हुने छ ।

कुवेतले आफ्नो मुलुकमा कोराना भाइरस संक्रमण दर घटेको र खोप पनि पर्याप्त भएको भन्दै भिजिट भिसा खुला गर्न लागिएको उक्त पत्रिकाले उल्लेख गरेको छ । कुवेतमा निर्माण सल्लाहकार, ईन्जिनियर, प्राविधिक र शिक्षकहरुको माग अत्यधिक बढेको छ ।

यसैबीच कुवेतमा एक लाख पचास हजार बढी अवैध आप्रवासी रहेको पाइएको छ । त्यसमा नेपालीहरुको संख्या पनि ठूलै रहेको बताइएको छ । यता वैदेशिक रोजगारीका लागि मलेसियामा गएका ८ जना नेपाली कामदारको शव र १२ जनाको अस्तु नेपाल ल्याइएको छ । नेपाल एयरलाइन्सको वाइडबडीको जहाजमार्फत मलेसियामा ज्यान गुमाएका कामदारको शव ल्याइएको वैदेशिक रोजगार बोर्डको सचिवालयले जनाएको छ ।

विदेशबाट ल्याइएका शवलाई बोर्डले सरकारी खर्चमा मृतकको घरसम्म पुऱ्याउने गरेको छ । मलेसियामा उडान भर्ने नेपाल एयरलाइन्सको वाइडबडी जहाजले मात्र शव ल्याउने गरेको छ ।

मलेसियाको क्वालालम्पुर स्थित नेपाली दूतावासको तथ्यांकअनुसार गएको महिना अगस्टमा मात्रै मलेसियामा ११२ जना नेपालीको मृत्यु भएको छ । त्यसमध्ये ९६ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको हो ।

**वैदेशिक रोजगार विशेष**

## महिला आयोगको टोलीद्वारा सीमा नाकाको अनुगमन

काठमाडौं/मस- राष्ट्रिय महिला आयोगको एक टोलीले मानव बेचबिखन नियन्त्रण तथा रोकथाम गर्न झापा र मोरङका विभिन्न सीमा नाकाको अनुगमन गरेको छ । आयोगका सदस्य कृष्णकुमारी पौडेल खतिवडाको नेतृत्वको टोलीले भ्रदपुर र जोगवनी नाकामा अनुगमन गरेको हो । अनुगमनका क्रममा नेपाल प्रहरीले रोकथाम गर्ने प्रयास गरे पनि सजिलैसँग सीमानाका वारपार गर्ने गरेको पाइएको सदस्य खतिवडाले जानकारी दिइन् ।

अनुगमनका क्रममा टोलीले प्रहरी प्रशासन र सम्बन्धित संघ संस्थालाई स्थानीय निकायसँग सहकार्य गरेर सीमामा मानव बेचबिखनलाई कडाइ गर्न पनि आग्रह गरेको छ । आयोगले मानव बेचबिखनबारे सीमा वारी र पारी सूचना आदानप्रदान गर्न, कागजातको सुरक्षा र नियन्त्रण गर्न, कागजातको बाँकी पृष्ठ २ मा

# धेरै जसो सर्वसम्मत

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

सत्तारुढ दल नेपाली काँग्रेसको नेतृत्वमा दावी गर्नेहरुको भीड नै । सभापति शेरबहादुर देउवा, उपसभापति विमलेन्द्र निधि, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्रीहरु कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंह, नेताहरु शेखर कोइराला, सुजाता कोइराला देखि कल्याण गुरुङले समेत सभापतिमा दावी गरेका छन् ।

पदाधिकारी र केन्द्रीय कार्य समितिमा दावी गर्नेको संख्या अत्याधिक छ । प्रदेश र जिल्ला नेतृत्वको दावी गर्ने संख्या उस्तै छ । तर वडा तहमा भने धेरैजसो सर्वसहमत नेतृत्व चयन भएको निर्वाचन समितिले जनाएको छ । आइतबारसम्म काँग्रेसको ३८ जिल्लामा वडा अधिवेशन भएको छ । १८ भदौमा ३५, १९ भदौमा दुई र आइतबार एक जिल्लामा अधिवेशन भएको छ । क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लाको पनि अधिवेशन हुने तयारी छ ।

तर ३८ जिल्लामा सम्पन्न वडा अधिवेशनबाट धेरैजसो नेताहरु सर्वसहमत चयन भएका छन् । केहीमा मतदानमार्फत वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन भएको निर्वाचन समितिले जनाएको छ । आज सुनसरी, नुवाकोट, धादिङ, चितवन, ललितपुर, पाल्पा, बागलुङ, नवलपुर, सल्यान, मुगु र बैतडीमा वडा बाँकी पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:- Salary : Negotiable.

**1. Documentation Officer - 3 (Male/Female)**

**Requirements :** *1) Min. Bachelor Passed. 2) Should have fluent English & good Knowledge of Computer, Smart, Confident, able to work under pressure.*

**2. Bike Rider - 1 (Male)**

**Experience: 2 Years on Manpower field for all positions.**

Govt. Lic. No. 1156/073/074

**SRK नेपाल प्रा. लि.**
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (छाप्रो मिट सपको छेउ)
फोन: ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३

# भारतीय प्रधानमन्त्री मोदीको पुत्ला दहन गरेकोमा गृह मन्त्रालयको आपत्ति

**काठमाडौं/मस–** भारतीय प्रधानमन्त्रीविरुद्धको प्रदर्शनप्रति गृह मन्त्रालयले आपत्ति जनाएको छ। गृह मन्त्रालयले एक विज्ञप्ति जारी गरी नेपालका मित्रराष्ट्रका विषयमा अनावश्यक टिप्पणी गरेर उनीहरुको स्वाभिमानमा प्रश्न नउठाउन आग्रह गरेको छ। मन्त्रालयले छिमेकी मित्रराष्ट्रका प्रधानमन्त्रीको प्रतिष्ठामा आँच आउने गरी नाराबाजी गर्ने, जुलुस प्रदर्शन गर्ने र पुत्ला दहन गर्ने गतिविधिप्रति गम्भीर आपत्ति प्रकट गरेको छ।




मन्त्रालयको विज्ञप्तिमा नेपाल सरकार सबै मित्रराष्ट्रहरुसँग पारस्परिक सम्बन्ध अझ प्रगाढ बनाउन चाहने र नेपाली भूमिमा कुनै पनि राष्ट्र विरुद्धका गतिविधि हुन नदिने विषयमा कटिबद्ध रहेको उल्लेख छ।

मन्त्रालयले मित्रराष्ट्रहरुसँग उत्पन्न समस्यालाई वार्ता, संवाद र कुटनीतिक माध्यमबाट समाधान गरिँदै आएको र भविष्यमा पनि उत्पन्न समस्यालाई वार्ता, संवाद र कुटनीतिक माध्यमबाटै समाधान गरिने भन्दै अटेर गर्नेलाई कानूनी कारबाही गर्ने चेतावनी दिएको छ।

यसअघि गत शुक्रबार माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थी संगठनले भारतको विरोधमा प्रदर्शन गरेको थियो।

प्रदर्शनमा उत्रिएकाहरुले प्रदर्शनी मार्गस्थित रत्न राज्यलक्ष्मी क्याम्पस अगाडिको सडकमा विरोध प्रदर्शनका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला पनि जलाएका थिए।

## कोरोना संक्रमणदर घट्दो

**काठमाडौं/मस–** कोरोना भाइरसको सङ्क्रमण एक हजार ८९ जना व्यक्तिमा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत २४ घण्टामा सात हजार ९७१ जनामा परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो। सक्रिय सङ्क्रमित ३१ हजार २४८ रहेका छन्।

एक हजार ५३४ जनासङ्क्रमणमुक्त भई घर फर्किएका छन्। अहिलेसम्म सात लाख २७ हजार १८५ व्यक्ति सङ्क्रमणमुक्त भई घर फर्किएका हुन्। निको हुने दर ९४.५ प्रतिशत पुगेको छ।

पछिल्लो २४ घण्टामा थप २० जनाको सङ्क्रमणबाट निधन भएको छ। अहिलेसम्म १० हजार ८३८ जनाको सङ्क्रमणबाट ज्यान गएको छ।

# राष्ट्रपतिसमक्ष दुई प्रतिवेदन प्रस्तुत

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष दुई वटा प्रतिवेदन प्रस्तुत गरिएको छ। भाषा आयोगका अध्यक्ष डा लवदेव अवस्थीले भाषा आयोग ऐन, २०७४ बमोजिम भाषा आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन आइतबार पेश गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ।



त्यसैगरी राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले आइतबार नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय दलित आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पेश गरेका छन्।

# ललितपुर युवा संगठन गठन

**काठमाडौं/मस–** 'हाम्रो नेपाल हामी नेपाली' मुल नारासहित पहिलो ललितपुर युवा संगठन गठन भएको छ। केन्द्रीय युवा संयोजक राजकुमार महर्जनको सभापतित्वमा र अभियानका संयोजक ज्ञानेन्द्र शाहीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा विजय खड्गी, शक्ति शाही, विनोद खड्का, मुस्कान केसीलगायत केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको थियो।



शनिबार भएको कमिटीको भेलाले ललितपुर युवा संयोजक बिन्द्रलाल श्रेष्ठ, उपसंयोजक महेन्द्र सिलवाल, सचिव सुनिल मिजार, कोषाध्यक्षमा उज्वल खत्रीसहित ६१ सदस्यीय ललितपुर जिल्ला कमिटी गठन गरेको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि ज्ञानेन्द्र शाहीले अहिलेको समृद्ध नेपाल बनाउनको लागि युवाहरुको ठूलै योगदान हुनुपर्ने र जो जहाँ भएपनि सबै एक भएर लाग्नुपर्ने कुरामा जोड दिए।

### एमाले ...

प्रदेशसभा सदस्य थिए। ती मध्ये ११ जना एकीकृत समाजवादी तर्फ लागेका छन्। प्रदेश १ मा १०, बागमतीमा १३, लुम्बिनीमा १ र कर्णाली प्रदेशमा ३ प्रदेशसभा सदस्यले नयाँ दल रोजेका छन्। निर्वाचन आयोगले २२ भदौसम्म जनप्रतिनिधिहरुलाई दल रोज्ने समय तोकेको छ। गएको २ भदौमा दर्ता भएको एकीकृत समाजवादीमा एमालेका ६० केन्द्रीय सदस्य, २३ प्रतिनिधिसभा सदस्य र आठ राष्ट्रियसभा सदस्य लागेका छन्। ११ भदौमा वैधानिकता पाएको यो एकीकृत समाजवादीले पार्टी संरचना समेत निर्माणलाई पनि तीव्रता दिएको छ। आइतबार अर्को व्यवस्था नभएसम्मलाई कार्यविभाजन गरेको छ। एकीकृत समाजवादलि प्रदेश १ मा घनेन्द्र बस्नेत, प्रदेश २ मा धर्मनाथ शाह, वाग्मती प्रदेशमा केदार न्यौपाने, गण्डकी प्रदेशमा केशवलाल श्रेष्ठ, लुम्बिनी प्रदेशमा भागवत विश्वासी र कर्णाली प्रदेशमा प्रकाश ज्वालालाई जिम्मेवारी दिएको छ। सुदूरपश्चिम प्रदेशको इन्चार्ज तोक्न बाँकी छ।

उपतयका विशेष प्रदेशमा विश्वनाथ प्याकुरेल, सम्पर्क विशेष प्रदेशमा विजय गुरुङ, मोर्चा इञ्चार्जमा विजय पौडेल, प्रचार विभाग प्रमुखमा जगन्नाथ खतिवडा र प्रवास क्षेत्रमा श्रीप्रसाद शाहलाई जिम्मेवारी दिइएको छ। अदालत र निर्वाचन सम्बन्धी जिम्मा राजेन्द्र पाण्डे, विजय पौडेल र रामकुमारी झाँक्रीलाई दिइएको छ। संसदीय कामको जिम्मेवारी विरोध खतिवडा, कल्याणी खड्का, जीवनराम श्रेष्ठ र ठगेन्द्र पुरीले पाएका छन्।

राजनीतिक दस्तावेज मस्यौदा कमिटीमा वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा १३ नेतालाई जिम्मेवारी दिइएको छ। दैनिक कार्य सञ्चालनका लागि डा बेदुराम भुसालको संयोजकत्वमा छ सदस्यीय समिति गठन गरिएको छ।

### दश...

पोखरेलको यस्तो अभिव्यक्ति प्रति उपमहासचिव घनश्याम भूसाल, नेताहरु शंकर पोखरेल, टंक कार्की, खगराज अधिकारी लगायतले असहमति जनाएका थिए। पछि ओलीले दश बुँदे कार्यान्वयन हुने प्रतिबद्धता जनाएका थिए। तर फेरि महासचिव पोखरेलले दश बुँदेप्रति विवादास्पद अभिव्यक्ति दिएका छन्।

### महिला...

कानूनी मान्यता र परीक्षण गर्न तथा पीडितको संरक्षण गर्नसमेत सम्बन्धित निकायसँग अनुरोध गरेको छ। आयोगको टोलीले विर्तामोड नगरपालिकाका प्रमुख, उपप्रमुख, माइती नेपालका जिल्ला प्रतिनिधि, सेफ हाउसका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, सेनाका प्रमुख जिम्मेवार निकायका प्रमुखलगायतसँग मानव बेचबिखन नियन्त्रणबारे छलफल गरेको आयोगले जनाएको छ। अनुगमनका क्रममा आफन्तकै जालझेलमा परेर, आर्थिक अवस्था कमजोर भएका कारण, बालविवाह र पारिवारिक बेमेलका कारण पनि मानव ओसारपसार हुने गरेको पाइएको छ।

### धेरै ...

अधिवेशन हुँदैछ। भोलि गुल्मी, रोल्पा, प्युठान, कालीकोट र दार्चुला तथा भदौ २३ गते रुकुमपूर्व र रुकुमपश्चिममा अधिवेशन हुँदैछ।

यसबाहेक क्रियाशील सदस्यता नामावली प्रकाशन हुन बाँकी २१ जिल्लाको नामावली भने क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै जिल्लामा वडाको अधिवेशन सम्पन्न गर्ने योजना रहेको प्रवक्ता विश्वप्रकाश शर्माले बताए।

निर्वाचन समितिले भने अधिवेशन सम्पन्न गर्न कम्तीमा पाँच दिनअघि क्रियाशील सदस्यता सूची प्राप्त हुनुपर्ने माग गरेको छ। क्रियाशील सदस्यको सूची सार्वजनिक हुन बाँकी रहेका २१ जिल्लामा तत्काल निर्वाचन अधिकृत खटाउन सक्ने गरी तयारी अवस्थामा रहेको समितिले जनाएको छ। क्रियाशील सदस्यको सूची सार्वजनिक भएको दुई घण्टाभित्र सम्बन्धित जिल्लामा निर्वाचन अधिकृत खटाउन सकिने गरी तयारी भएको छ।

प्रदेश नं १ मा मोरङ, प्रदेश नं २ का सप्तरी, सिराहा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही, बारा र पर्सा, वाग्मती प्रदेशका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं र रसुवा, लुम्बिनी प्रदेशका कपिलवस्तु, बाँके र बर्दिया, कर्णाली प्रदेशका डोल्पा र सुर्खेत तथा सुदूरपश्चिम प्रदेशका बाजुरा, डडेल्धुरा र कैलालीका क्रियाशील सदस्यको सूची समितिलाई प्राप्त नभएको समिति सचिव जगन्नाथ श्रेष्ठले बताए।

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्छन्। वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुई गरी सात पदाधिकारी निर्वाचित गर्ने कांग्रेसको विधानमा व्यवस्था छ। यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुन्छन्।

मुलुकभरका सबै छ हजार ७४३ वडामा कांग्रेसका अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र एक लाख २१ हजार ६८१ सदस्य निर्वाचित हुने समितिले जनाएको छ। यसबाहेक मनोनीत हुनेको सङ्ख्या थप रहेको छ। त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्। कांग्रेसले यसअघि नै गाउँ/नगर वडा अधिवेशन भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकिसकेको छ।


## साउदीमा रोजगारको अवसर | कम्पनी : TAD CONTRACTING EST
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४७४ LT. No.: 244625

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant General Crew | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २८ गते (13 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
रातोपुल, काठमाडौं, नेपाल, फोनः ४४६९३७२, ४४६१०७७



## Masta Rural Municipality
### Office Of The Rural Municipal Executive
Bhatekhola, Bajhang
Sudurpaschim Province

**Invitation for Bid**

Date of publication: (Sept-06,2021)

1. The Masta Rural Municipality Bhatekhola, Bajhang invites Online Bids from eligible bidders for the Construction of the following works.

| Contract Identification no. | Description Of Work | Estimated Amount (Exclusive VAT) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| MRM-WOB-2078/79-01 | Ward Office Building Construction Work at Masta RM-3 | 3179229.69/- | 3000.00/- | 78000/- | 120 days | |
| MRM-WOB-2078/79-02 | Ward Office Building Construction Work at Masta RM-2 | 5017145. 20/- | 3000.00/- | 142000/- | 120 days | |
| MRM-WOB-2078/79-03 | Ward Office Building Construction Work at Masta RM-7 | 13677766.36/- | 3000.00/- | 386500/- | 120 days | |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .

| Last Date and Time For Bid Purchase | Last Date and Time For Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: Oct-6th, 2021 12:00 Noon | Date: Oct-6th, 2021 12:00 Noon | Date: Oct-6th, 2021 13:00 hour |

| Cash Deposit For Purchases of Bid Document | | Cash Deposit For Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank,Bajhang |
| Account Name | Masta Rural Municipality | Account Name | Masta Rural Municipality |
| Account Number | 4110100301010006 | Account Number | 4110100303000006 |
| Office Code | 801077010 | Office Code | 801077010 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

For Chief Administrative Officer
Amar Bahadur Jethara



## कतार, साउदी, साईप्रस र बहराईनमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनीः APPAREL QATAR WLL** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/०६ चलानी नं.: ६०१५८९०८ LT. No.: 241134 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bellman | 2 | 0 | | 1000 | ३१,६२० | | | | | | | |
| 3. | Labourer | 6 | 0 | | 1000 | ३१,६२० | | | | | | | |
| 4. | Salesman | 6 | 0 | | 1300 | ४१,१०६ | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ७९,०५० | | | | | | | |
| 6. | Driver | 2 | 0 | | 1400 | ४४,२६८ | | | | | | | |
| 7. | Cashier | 4 | 6 | | 1300 | ४१,१०६ | | | | | | | |
| 8. | Business Excecutive | 2 | 0 | | 2500 | ७९,०५० | | | | | | | |
| 9. | Gen Product Worker | 1 | 0 | | 1000 | ३१,६२० | | | | | | | |

**२. कम्पनीः REDLINKS CONSTRUCTION** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२२ चलानी नं.: ६०१५९८२० LT. No.: 242054 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 58 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PAINTER | 9 | 0 | | 1100 | ३४,७८२ | | | | | | | |

**३. कम्पनीः NEW DESIGN CONTRACTING & TRANSPORT WLL** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०२/०७ चलानी नं.: ६०१५८४३० LT. No.: 240511 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५३,७५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1200 | ३७,९४४ | | | | | | | |
| 3. | Carpenter | 5 | 0 | | 1200 | ३७,९४४ | | | | | | | |
| 4. | Gypsum Technician | 5 | 0 | | 1200 | ३७,९४४ | | | | | | | |

**४. कम्पनीः GLOBAL CONTRACTING AND TRANSPORT** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२२ चलानी नं.: ६०१५९८१९ LT. No.: 242055 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PAINTER | 10 | 0 | | 1100 | ३४,७८२ | | | | | | | |
| 3. | BLACKSMITH | 10 | 0 | | 1100 | ३४,७८२ | | | | | | | |
| 4. | A/C Mechanic | 15 | 0 | | 1400 | ४४,२६८ | | | | | | | |
| 5. | Carpenter | 20 | 0 | | 1100 | ३४,७८२ | | | | | | | |
| 6. | Building Worker | 20 | 0 | | 1000 | ३१,६२० | | | | | | | |
| 7. | Labourer | 10 | 0 | | 1000 | ३१,६२० | | | | | | | |

**५. कम्पनीः H AND Z CONTRACTING TRADING AND SERVICES** शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२२ चलानी नं.: ६०१५९८१८ LT. No.: 241968 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ELECTRIC TECH | 30 | 0 | स. काममा दक्ष | 1100 | ३४,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**६. कम्पनी : JAL INTERNATIONAL COMPANY LTD,** शहरः AL KHOBAR
पूर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१६२ LT. No.: 241445 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 60 | 0 | | 1800 | ५५,९२६ | | | | | | | |

**७. कम्पनी : ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306** शहरः Nicosia
पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०७६ LT. No.: 244630 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 309 | ४२,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**८. कम्पनी : ALMOYYED CONTRACTING GROUP** शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०७८/०२/०६ चलानी नं.: ६०१५८४२८ LT. No.: 240486 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 100 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,१०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 100 | 0 | | 100 | ३०,९१८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २८ गते (13 Sept. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | कतार कम्पनीको निःशुल्क साउदी र बहराइन कम्पनी रु. १००००।– साइप्रस कम्पनी रु. ४००००।– |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**Link International Placement Service Pvt.ltd.**
ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# काठमाडौं उपत्यकाको फोहोर उठाउन अझै दुई दिन लाग्ने

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले उपत्यकाका भित्री गल्लीमा थुप्रिएको फोहोर उठाउन अझै दुई दिन लाग्ने बताएको छ । उपत्यकाको फोहोर फालिने सिसडोल ल्याण्डफिल साइटको बाटो बर्खाले बिग्रिँदा करिब एक महिना फोहोर उठ्न सकेको थिएन । सडक विभाग र प्रधानमन्त्री गुहारेर बर्खाले बिग्रिएको बाटो सुधार गर्ने आश्वासन पाएपछि महानगरले १६ भदौबाट फोहोर व्यवस्थापन सुरु गरेको थियो ।



उपत्यकाका भित्री गल्लीमा करिब एक महिनादेखि थुप्रिएको फोहोर उठाउन अझै दुई दिन लाग्नेछ । करिब एक महिना फोहोर संकलनमा अवरोध भएपछि नियमित अवस्थामा फर्किन केही समय लाग्ने श्रेष्ठले बताए ।

२०६२ देखि उपत्यकाको फोहोर सिसडोलमा व्यवस्थापन गर्न थालिएको हो । सिसडोलमा तीन वर्षसम्म मात्र फोहोर व्यवस्थापन गर्ने भनिए पनि नयाँ ल्याण्डफिल साइट नबन्दा सिसडोलमै फोहोर फाल्नु परिरहेको छ । काठमाडौं उपत्यकाबाट दैनिक १ हजार ४५ मेट्रिक टन फोहोर उत्पादन हुन्छ ।

**उठ्न थाल्यो बनेपाको फोहर**

बनेपा बजारमा करिब डेढमहिनादेखि थुप्रिएको फोहर उठ्न थालिइएको छ ।

फोहर व्यवस्थापनका लागि नगरपालिकासँग ठेक्का सम्झौता गरेको ग्रिनपिस इन्भारोमेन्ट प्रालिले अरु ठाउँमा व्यवस्थापन गर्ने गरी शनिबारदेखि फोहर उठाउन थालेको हो ।

'नगरपालिकासँग सम्झौता गरिएको संस्थाले सिसडोलका अलावा अन्य ठाउँमा व्यवस्थापन गर्ने गरी काम थालेकाले अब बनेपा बजारको सबै फोहर उठ्छ', नगरपालिका–७ का वडाध्यक्ष वर्ण शाक्यले भने, 'शनिबारबाट फोहर उठाउन थालिसकेको छ ।' फोहर व्यवस्थापनको जिम्मा पाएको संस्थाले शनिबार बनेपाको चार दोबाटो चोकस्थित अरनिको राजमार्ग छेउमा थुपारेको फोहर उठाएको हो ।

ग्रिपिस इन्भारोमेन्ट प्रालिका उत्तर सिं लामाले अब बनेपा नगरपालिकाभित्रका सबै फोहर उठाउन थालिएको जानकारी दिए । पहिलादेखि उठाएको फोहर व्यवस्थापन गर्न जिम्मा लिएको संस्थाले नुवाकोटको सिसडोलमा लगेर फाल्ने गर्दै आएकोमा पछिल्लो समयमा त्यहाँ जाने बाटो अवरुद्ध भएपछि समस्या आएको थियो । अब अर्को संस्थालाई आफूले व्यवस्थापनको जिम्मा दिएकाले फोहर उठ्न थालेको उनको भनाइ छ ।

'बनेपाको चार दोबाटो चोकको फोहर उठाइसकिएको छ' उनले भने, 'बनेपा नगरपालिका पछाडी रहेको बसपार्कमा थुपारेको फोहर उठाउने काम भइरहेको छ ।' अहिले फोहर उठाउनका लागि दैनिक ७/८ वटा गाडी प्रयोग भइरहेको जनाइएको छ । यहाँबाट उठाएको फोहर यसअघि सिसडोलस्थित ल्याण्ड फिल साइडमा लगेर फाल्ने गरेकोमा अब वैकल्पिक रुपमा काठमाडौं मूलपानीमा रहेको नेपाल स्वच्छ वातावरण नामक संस्थासँग सात वर्षका लागि सम्झौता गरेर दिने सहमति भएपछि फोहर उठाउन थालेको लामाले बताए ।

सिसोडलमा लान नसकेपनि मूलपानीमा रहेको फोहर प्रशोधन कम्पनीले नियमित रुपमा फोहर लिने भएपछि अब कुनै पनि समस्या नआउने उनको भनाइ छ । उनले भने, 'बनेपाका विभिन्न स्थानमा थुपारिएको फोहर एक हप्ताभित्रमा उठाइसक्छौं ।'

बनेपा नगरपालिकाले दीर्घकालीन रुपमा फोहर व्यवस्थापनको योजना नबनाउँदा ल्याण्डफिल साइडमा लगेर फाल्न नपाउने समस्या आउने गरेको छ । यसले अरनिको राजमार्गको बनेपास्थित मुख्य चोक चार दोबाटाको सडक छेउमा नै फोहरको डङ्गुर थुपार्ने गरेकाले समस्या आउने गरेका छन् ।

पछिल्ला समयमा नुवाकोटको सिसडोलमा रहेको ल्याण्डफिल साइडमा जाने बाटो अवरुद्ध हुँदा करिब डेढमहिना भन्दा बढी समयदेखि बनेपा बजारको फोहर उठेको थिएन । फोहर नउँठाएदा बनेपा बजार क्षेत्र दुर्गन्धित बनेको थियो ।

# अमेरिका जान नक्कली शैक्षिक प्रमाणपत्र

**काठमाडौं/मस–** इडीभी परेका व्यक्तिले अमेरिका जान नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको फेला परेको छ । महानगरीय अपराध महाशाखाका अनुसार ईडीभीमा नाम निकालेका तर भिसा प्रक्रियाका लागि आवश्यक शैक्षिक योग्यता प्राप्त नगरेका उनीहरुले कक्षा १२ को नक्कली शैक्षिक प्रमाणपत्र बनाएको पाइएको छ ।



अमेरिकी दुतावाससँगको समन्वयमा यसरी नक्कली कागजात बनाउने कार्यमा संलग्न छ जनालाई पक्राउ गरी कारबाही थालेको महाशाखाले आइतबार एक सूचना जारी गरी जनाएको छ । पक्राउ पर्नेमा पाल्पा घर भई काठमाडौंको कुलेश्वर बस्ने सुमितरत्न गुभाजु, मोरङ घर भई ललितपुर बस्ने अमरबहादुर कटुवाल, नवलपरासी घर भई कास्की बस्ने नरेश केसी, नवलपुर घर भई काठमाडौं बस्ने लक्ष्मण पाठक, काभ्रेका दीप विष्ट र काठमाडौं टेकुका सोहिली शाही रहेका छन् । उनीहरुलाई अमेरिकन राजदूतावास महाराजगञ्ज र काठमाडौंका विभिन्न स्थानबाट निम्न नक्कली शैक्षिक प्रमाणपत्रसमेत बरामद गरिएको छ । शैक्षिक प्रमाणपत्र बनाउने कार्यमा संलग्न अन्य व्यक्तिको खोजतलास एवं थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ । पक्राउ परेका व्यक्तिहरुलाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २५ को लिखतसम्बन्धी कसुरमा आवश्यक कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौंमा बुझाइएको छ ।

# पूर्वी काठमाडौं नयाँ शहरी आयोजनालाई जग्गा नदिने घोषणा



**काठमाडौं/मस–** काठमाडौंको उत्तरपूर्वी भेगका तीन नगरपालिकाले शुरु गरेको पूर्वी काठमाडौं नयाँ शहरी विकास आयोजनाको विरोधमा नगरवासीले विरोधस्वरूप जग्गा नदिने घोषणा गरेका छन् ।

शंकरापुर नगरपालिका–९ का स्थानीयवासीले जानकारी नदिई अपारदर्शीरूपमा आयोजना सुरु गरिएको भन्दै रोक्का राखेको जग्गा फुक्का गर्न माग गरेका छन् । शहरी योजनामा समावेश हुन नचाहेको वडावासीको भनाइ छ । नगरवासीले गठन गरेको इन्द्रायणी सरोकार समितिले वडा कार्यालय, नगरपालिका र आयोजना कार्यालयमा भदौ पहिलो साता विरोधपत्र बुझाएका थिए । वडा कार्यालय र नगरपालिकाले समितिको माग पूरा नगरेकाले विरोधमा उत्रनुपरेको संयोजक धर्मराज कार्कीले बताए ।

भदौ २३ गते वडा कार्यालयमा धर्ना दिई तालाबन्दी गर्न लागिएको उहाँले बताउनुभयो । पहिलो चरणमा वडा कार्यालयमा धर्ना र तालाबन्दी गर्दा पनि माग पूरा नगरे नगरपालिकामै धर्ना र तालाबन्दी गर्ने समितिको तयारी छ । वडावासीले जग्गा एकीकरण गरी प्लटिङ गर्दा कृषि क्षेत्र सकिने र सम्पदा नासिने भन्दै विरोध जनाएका हुन् ।

समितिका अध्यक्ष कार्कीले ८५ प्रतिशतसम्म मानिस कृषिमा निर्भर भएका क्षेत्रमा कङ्क्रिटको जंगल बनाउन आवश्यक नभएकामा वडावासी सहमत भएको बताए । आयोजना कति समयमा सक्ने ? जग्गाधनीले कति जग्गा बेहोर्ने ? जस्ता विषय अझै पारदर्शी नभएको उनले सुनाए । आयोजना प्रमुखले सरोकार समितिको पत्रसमेत दर्ता नगरेको संयोजक कार्कीको गुनासो छ ।

शंखरापुर–९, कागेश्वरी मनोहरा नगरपालिका– १, २, ३, ४ र गोकर्णेश्वर नगरपालिका–१, २ र ४ समेत समेटेर बनाइएको पूर्वी काठमाडौं नयाँ शहरी विकास आयोजनाले स्थानीयवासीको जग्गा रोक्कासम्बन्धी सूचना प्रकाशित गरेपछि विरोध अभियान सुरु भएको हो । एक महिनाअघि गरिएको जग्गा रोक्का फुक्का गरेर वडालाई आयोजनाबाट अलग नगरे अदालत जाने समितिको तयारी छ ।

आयोजना व्यवस्थापन उपसमितिको सदस्यसमेत रहनुभएका शंकरापुर–९ का वडाध्यक्ष घनश्याम थापा स्थानीयवासी विरोधमा उत्रिएपछि वडामा जग्गा एकीकरण गर्न आवश्यक छैन भनी आयोजनामा पत्राचार गरेको बताए । जग्गा एकीकरण गर्दा ५२ प्रतिशतसम्म जग्गा काटिने भएपछि वडावासी आक्रोशित भएका हुन् ।

यसअघि कागेश्वरी मनोहरा नगरवासीले पनि नगरपालिका र आयोजना कार्यालयमा विरोध पत्र बुझाएका थिए । जग्गा एकीकरण आयोजनाका विषयमा गोकर्णेश्वर नगरपालिकामा पनि स्थानीयवासीले विरोध गर्दै आएका छन् । आयोजनाले कृषियोग्य जमिन समाप्त गर्नेमा नगरवासीको विरोध छ । यसले कृषिका माध्यमबाट जीवनयापन गरिरहेकालाई अप्ठ्यारो पर्ने भन्दै नगर क्षेत्रको ग्रामीण भेगका मानिस विरोधमा उत्रिएका हुन् । वडा र नगरपालिकाबाट माग सम्बोधन नभए अदालतमा मुद्दा दायर गर्न वडावासीले प्रत्येक घरबाट रु दुई हजार उठाउन लागिएको समितिले जनाएको छ । वडा र नगरपालिकालाई इन्द्रायणीवासीले भदौ २१ र २२ दुई दिनको समयसीमा दिएका छन् । आयोजना प्रमुख दीपक श्रेष्ठ माग पत्र नगर प्रमुखले अध्ययन गरिरहेकाले केही दिनमा यससम्बन्धी निर्णय हुने बताउँछन् । यसअघिको वडा भेलामा वडाध्यक्ष र स्थानीयवासीले आयोजनामा सहमति जनाएको उनको दाबी छ । तीन नगरपालिकाको पूर्वी शहरी आयोजना बनाउन यस क्षेत्रका आठ वडाको जग्गा रोक्का गरिएको भन्दै आयोजनाले गत साउन २० गते गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरेको थियो ।

# कपिलवस्तुमा अपाङ्गता भएका १० जनालाई स्कुटी



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २० भदौ

अपाङ्गता भएका स्थानीयहरुको दैनिक जीवनमा सहजाता ल्याउन कपिलवस्तुको शुद्धोधन गाउँपालिकाले अपाङ्गता भएका १० जनालाई चार पांग्रे स्कुटी प्रदान गरेको छ । अपाङ्गताका कारण हिँडडुल गर्न नसक्दा कष्टकर जीवन बिताइरहेका उनीहरुलाई सो स्कुटी प्रदान गरिएको हो ।

आइताबार गाउँपालिकाका अध्यक्ष निसार अहमद खाँ, उपाध्यक्ष सुधादेवी पाण्डेय, प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवालीले उनीहरुलाई स्कुटी, साँचो र हेलमेट हस्तान्तरण गरेका थिए । स्कुटी टिभिएस कम्पनीको १ सय १० सिसिको रहको छ । कुल २१ लाख लागतको स्कुटी प्रदान गरिएको अध्यक्ष खाँले मध्यान्हलाई बताए ।

अघिल्लो आर्थिक वर्षमा पनि १० जना अपाङ्गता भएका ब्यक्तिलाई पालिकाले स्कुटी प्रदान गरेको थियो । चालु आर्थिक वर्षका लागि पनि १० जना अपाङ्गता भएका ब्यक्तिलाई स्कुटी प्रदान गर्न २२ लाख बजेट विनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत ज्ञवालीले बताए ।

सानै उमेरमा पोलियोका कारण खुट्टामा समस्या आई हिँडडुल गर्न नसकेका पालिकाको वडाहरुबाट प्राथमिकताका आधारमा छनोट गरी १० जनालाई स्कुटी प्रदान गरिएको प्रमुख खाँले बताए । 'घिस्रिएर हिँड्न पर्दा घरमै सीमित भएका ब्यक्तिहरुको दैनिक जीवनमा सहजताका लागि हामीले उनीहरुलाई स्कुटी दिएका हौं,' उनले भने ।

स्कुटी पाएर दुखी जीवन बिताइरहेका उनीहरुमा खुशीको लहर आउने उनले बताए । 'स्कुटीले उनीहरुलाई आउजाउ गर्न मात्र होइन, अब आफैंल केही गररे जीवन गुजारा समेत गर्न सक्छन्,' उनले भने, 'पालिकाले उनीहरुको दुखी जीवनमा मल्हम लगाएर सानो खुशी दिन खोजेका हो,' उनले भने ।

पालिका उपाध्यक्ष पाण्डेयले अपाङ्गता भएका ब्यक्तिहरुको दुखी जीवन देखेर नै पालिकाले उनीहरुलाई स्कुटी दिएको बताइन् । पालिकाको वडा नम्बर ३ गुलरी घर भई रुपन्देहीको तेनुहवा सामुदायिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत अन्जना कुर्मीले स्कुटीले आफुलाई अध्ययनमा निकै सहजता थपेको बताइन् ।

आधा घन्टा लगाएर दैनिक विद्यालय साइकलमा आवजजावत गर्ने गरेकी उनले अब भने ५ मिनटमै विद्यालय पुग्ने बताइन् । सानैमा पोलियोका कारण खुट्टामा समस्या आएर हिँडडुल गर्न समस्या परेको उनले बताइन् ।

उनले स्कुटीले आफुलाई माथिल्लो कक्षामा पढ्न पनि उत्साह थपेको बताइन् । गाउँपालिकाका सबै वर्ग र क्षेत्रलाई आवश्यकताको आधारमा विभिन्न वितरणमुखी, क्षमता विकास तथा अन्य समाजिक र आर्थिक विकासका काम गर्दै आएको अध्यक्ष निसार अहमद खाँले बताए ।

# सुपथ मूल्य पसल, 'अनलाइन टिकेटिङ' व्यवस्थाको निर्णय

**काठमाडौं/मस–** सरकारले आगामी असोज १ गतेदेखि छठपर्वपछिको एक सातासम्म सुपथ मूल्य पसल र चाडपर्वलाई लक्षित गरी सार्वजनिक यातायातको भाडादर, यात्रु सिट क्षमताका आधारमा 'अनलाइन टिकेटिङ' को व्यवस्था गर्ने निर्णय गरेको छ ।



मुख्यसचिव शंकरदास वैरागीको अध्यक्षतामा आज भएको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ५७ औं बैठकले संयुक्त बजार अनुगमनलाई व्यवस्थित गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई अन्य निकायहरूको समन्वयमा विस्तृत कार्ययोजना तयार गरी १५ दिनभित्र पेश गर्न निर्देशन दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोभिडसम्बन्धी स्वास्थ्य मापदण्डको पालनासहित सहज यात्रा व्यवस्थापनलगायत कामको व्यवस्थापन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीमार्फत गराउन निर्देशन दिएको छ ।

# चिकित्सा शिक्षा नियमावली संशोधन गर्न निर्देशन

**काठमाडौं/मस–** प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले वास्तविक गरिब, विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने गरी 'राष्ट्रिय चिकित्सा शिक्षा नियमावली–२०७७' संशोधन गर्न निर्देशन दिएको छ ।



चिकित्सा शिक्षा आयोगले सञ्चालन गरेको परीक्षा र छात्रवृत्तिका सम्बन्धमा आइतबार सम्बन्धित मन्त्रालय र निकायका पदाधिकारीसँग छलफल गरी सो नियमावलीलाई संविधान र ऐनको मर्मअनुसार हुने गरी संशोधन गर्न समितिले निर्देशन दिएको हो ।

समितिका सभापति जयपुरी घर्तीले नियमावलीको दफा (२०) को ५ मा सामुदायिक बाहेकका विद्यालयका विद्यार्थीलाई पनि दिन सकिने गरी व्यवस्था गरिनु राष्ट्रिय चिकित्सा शिक्षा ऐन–२०७५ को मर्म र आशयविपरीत भएकाले संशोधन हुनुपर्ने बताइन् । उक्त उपदफामा 'यस नियममा अन्यत्र जुनसूकै कुरा लेखिएको भए तापनि आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा ६ देखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसइई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट एसइईको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनोट गरिने' भनिएको छ । ऐनको व्यवस्थाअनुसार सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कूल सिटको ७५ प्रतिशत छात्रवृत्तिका लागि निर्धारण गर्नुपर्छ ।

यस्तै निर्देशिको दफा ६ मा 'दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्ट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालई छनोट गरिनेछ' भन्ने व्यवस्थाबाट 'अन्य' हटाउन माग गरिन् ।

निर्देशिकाको दफा ८ को उपदफा 'ख' मा भएको 'दशमलवपछिको अङ्क बराबर भएमा खुला योग्यताक्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक सिट थप गर्ने' लाई पुनः विचार गर्न समितिले निर्देशन दिएको छ ।

बैठकमा सांसद्हरु गिरिराजमणि पोखरेल, मानबहादुर विश्वकर्मा, विद्या भट्टराई, जीवनराम श्रेष्ठ, रेखा झालगायतले विपन्न र आरक्षित समुदायका लागि निर्धारण गरिएको छात्रवृत्ति कोटामा अन्य निजी विद्यालयका विद्यार्थीलाई छिराउने बाटो नदिन माग गरेका थिए । बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामप्रसाद थपलियाले निर्देशनानुसार अर्थ र कानून, न्याय तथा संसादीय मामिला मन्त्रालयको राय लिएर संशोधनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव तयार गरिने प्रतिबद्धता व्यक्त गरे । उनले तोकिएका क्षेत्रमा छात्रवृत्तिका सबै बजेट उपयोग हुन नसकेको स्थितिमा त्यसको प्रक्रियालाई सरलीकृत गर्ने बताए ।

**आयोगको परीक्षा तालिका आउँदै**

आयोगका कार्यकारी उपाध्यक्ष डा.श्रीकृष्ण गिरीले निर्देशिकाका कतिपय व्यवस्था आयोगको सुझावबिनै सरकारबाट ल्याइएकाले आगामी दिनमा थप व्यवस्थित गरिने बताए ।


## कतारमा रोजगार अवसर

कम्पनी : CONSTRUCTION GROUP FOR CEMENT TILES CO. WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४७५ LT. No.:244961

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Labourer | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 2 | 0 | | 1400 | ४४,२६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २८ गते (13 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १०२५/०६८/६९

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**

पा.ब. नं. ११९७२, गोंगबु-५, सामाखुसी, काठमाडौं, फोन: ४३५७०४७, ४३६१४९०
Mob.:9804931201, 9815186563, Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

## सम्पादकीय

# बल्झिरहने चोट

दक्षिणी छिमेक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला जलाउनेलाई गृह मन्त्रालयले कारबाहीको चेतावनी दिएको छ । गृह मन्त्रालयले विज्ञप्ति जारी गरेर मोदी विरोधी गतिविधिमा रोक लगाएको हो । सत्ता साझेदार दल नेकपा (एकीकृत समाजवादी) निकट विद्यार्थीहरूले मोदी विरोधी गतिविधि गरिरहेका छन् । सीमा अतिक्रमण बन्द गरिनुपर्ने, जससिंह धामीलाई न्याय दिनुपर्ने, भारतीय हस्तक्षेप रोकिनुपर्ने लगायत माग सहित अनेरास्ववीयूले प्रदर्शन गर्दै आएको छ । एकीकृत समाजवादी निकट विद्यार्थीले जस्तै नेकपा माओवादी निकट अखिल क्रान्तिकारीले पनि सडक प्रदर्शन गरेको छ । छिमेकी मुलुकका प्रधानमन्त्रीको पुत्ला जलाउने, सडक प्रदर्शन गर्ने लगायत घटनाप्रति आपत्ति जनाउँदै गृह प्रशासनले कारबाहीको चेतावनी दिएको हो । विशेषगरी दार्चुलामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) का जवानले तुइन चुडाउँदा धामी बेपत्ता भए यता भारत विरोधी गतिविधि नेपालमा भइरहेको छ ।

भारतीय दूतावास अगाडि एकीकृत समाजवादी निकट विद्यार्थी र युवाहरूले लगातार प्रदर्शन गरिरहेका छन् । गृह प्रशासनकै रिपोर्टमा समेत धामी बेपत्ता भएको उक्त घटनामा एसएसबीका जवान उपस्थित रहेको उल्लेख छ । तर धामी प्रकरणलाई लिएर गरिएको विरोध प्रदर्शन रोक्न गृह प्रशासनले चेतावनी दिएको छ । यो चेतावनी पछि सरकारको चर्को आलोचना समेत भइरहेको छ । हुन पनि विरोध र असहमति लोकतन्त्रमा महत्वपूर्ण हुन्छ । असहमति राख्न नसकिने परिस्थिति र व्यवस्था लोकतन्त्र होइन । अझ सार्वभौमता र राष्ट्रियताको पक्षमा आवाज उठ्नु नेपालको परिवेशमा सामान्य हो ।

तर गृह प्रशासनले नागरिकको अधिकार खोस्नेगरी बक्तव्य जारी गरेको छ । गृह प्रशासनको बक्तव्य पक्कै पनि छिमेकी प्रधानमन्त्री रिझाउने अस्त्र हो । अझ दक्षिणी छिमेक नेपालको आन्तरिक मामलामा हस्तक्षेपकारी ढंगले आउने टिप्पणी र तथ्य नेपालको सन्दर्भमा नयाँ होइन । दुई देश बीचको समस्या सुल्झाउन अनेक प्रयत्न समेत भएको छ । तर समस्या समाधान हुन सकेको छैन । नेपालको संविधान जारी भएबापत नाकाबन्दी गरेर भारतले छिमेक सम्बन्ध तिक्ततापूर्ण बनाएको थियो । मुलुकको राजनीतिक स्थीरतामा समेत चलखेल र हस्तक्षेप हुने गरेको टिप्पणी हुने गरेको छ । त्यसैले छिमेक बीचको समस्याको दीर्घकालीन समाधान खोज्न जरूरी छ । सम्बन्ध सुधारका नाममा नागरिकको संविधान प्रदत्त अधिकार खोस्न भने पाइदैन ।

## सामाजिक सञ्जाल



अमेरिकी आँखाबाट हेर्दा बिआरआई गलत देखिएला । चीनको आँखाबाट हेर्दा एमसीसी गलत देखिएला । भारतको आँखाबाट हेर्दा दुबै गलत देखिएला । हामीले नेपालको आँखाबाट हेर्ने हो । अमेरिकी एमसीसी, चिनियाँ बिआरआई वा भारतीय अरू कुनै परियोजना नेपालको हितमा छन भने हामीले अरू कुनै कुराको मतलब गर्नु हुँदैन ।

**- डम्मर खतिवडा**



म चाहिँ अझै पनि एमसीसी कै पक्षमा छु किनकि हाम्रो जस्ता गरिब राष्ट्रलाई विकास साझेदार चाहिन्छ । राष्ट्रभक्तिले पेट भरिन्न दुनियाँ कै कयौं देश हेर्नुस् । हरेक विकास उन्मुख राष्ट्रको कोहि न कोहि साझेदार छन् बाँकि मुद्दा त्यहि हो । त्यसबाट देश विकास चाहि हुन पर्यो तर, हाम्रोमा गिजोल्ने मात्र छन् ।

**- दिपेन्द्र बिष्ट**



देशमा पुराना पार्टीहरू ०४६ सालदेखि घुलमिल हुनु नै देश र जनताको लागी अभिशाप भयो । यिनिहरूको मिलन जहिले पनि देश र जनताको उन्नति प्रगतिको लागी नभई मात्र भ्रष्टाचार, पद बाडफाड ससुराली र माबली खलकलाई मालदार ठाउँमा नियुक्ति । पुराना पार्टीहरूको सिद्धान्त फरक छ नसोंच्नु भ्रष्टाचार नै सिद्धान्त हो ।

**- पुरूषोत्तम ढुंगेल**



सामान्य बिरामी हुनासाथ 'कम्युनिस्ट नेता'हरू थापाथली, टोखा या नख्खुतिरको अस्पतालमा भर्ना भइहाल्छन् । पटक-पटक सरकार र स्वास्थ्य मन्त्रालयको नेतृत्व गरेका उनीहरू किन सरकारी अस्पताललाई आफ्नो उपचार गर्न सक्ने बनाएनन् अनि, किन भन्नु हामी समाजवाद ल्याउछौ भनेर ?

**- सुशील पन्त**



के बोल्दा अभिव्यक्ति स्वतन्त्रताका वैद्य सीमाहरू उल्लघंन हुन्छन्, त्यो पो राज्यका निकायहरूको चासो हो । तर हाम्रो राज्यका निकायहरूमा रहने पदाधिकारीहरू आफ्नो कदमको आलोचना नहोस् र आफ्नो गुप्त स्वार्थमा धक्का नपुगोस् भनेर अनेक 'फरमान' जारी गर्छन् । हो, हिंसा नफैलियोस्, राष्ट्रको अहित नहोस् तर ...

**- तारानाथ दाहाल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# तालिबानको उदय र अमेरिकाको सर्मनाक हार

**जम्माजम्मी ६० हजार तालिबान सेनाले कसरी ३ लाख संख्याको अफगान सेनालाई पराजीत गर्न सफल भए भन्ने विषय निकै रोचक खालको छ । सरकारी सेनासँग भएका अमेरिकी हतियार र युद्ध प्रविधिहरु कसरी प्रतिक्रियाबिहिन र औचित्यहीन भए भन्ने विषयलाई विश्वले चनाखोपूर्वक हेरिरहेको छ । ल मानौं अफगान वा सरकारी सेना त लड्ने हिम्मत गरेन तर तालिवानका विरुद्ध अफगानिस्तानमा डेरा जमाएर बसेको अमेरिकी सेना पनि कसरी चुप वा रमिते बनेर बस्यो ?**



● विष्णु पन्त

### अफगानिस्तानमा सत्ता परिवर्तन

विश्व राजनीतिमा कहिलेकाही अप्रत्याशित र नसोंचेको घटनाहरु हुन्छन् । राजनीतिमा कहिलेकाहीँ नसोंचेका उपलब्धीहरु हुन्छन् त कहिलेकाहीँ क्षति पनि । यस्तै दुर्लभ घटना दोहोरिएको छ, अफगास्तिानमा । केहि दिन र हप्ता अगाडिदेखि नै अफगानिस्तानका विभिन्न राज्यहरुमा तालिवानहरुले कब्जा गर्दै अगाडि बढिरहेका समाचारहरु आईरहेकै थिए । तालिबान सेनाहरुले राजधानी काबुल छिर्ने र अफगानिस्तान कब्जा गर्ने घोषणा गरेकै थिए । अफगानिस्तानमा रहेका अमेरिकी सेनाहरु विस्तारै स्वदेश फिर्ता हुने क्रममै थिए । अगष्ट १५, २०२१ आइतबारका दिन एउटा अनोठौ घटना घट्यो । अफगानिस्तानका राष्ट्रपति असरफ घानी एकाएक देश छाडेर भागे अनि एकजना मन्त्रीले भने, 'शान्तिपूर्ण रुपमा सत्ता हस्तान्तरण हुनेछ ।' त्योभन्दा एक/दुई दिन अगाडि नै राष्ट्रपति घानीले तालिबानहरुलाई सत्ता साझेदारीका लागि प्रस्ताव गरेका थिए । राष्ट्रपति भाग्दा नभाग्दै काबुललाई तालिबानहरुले कब्जामा लिए । तालिबानका प्रवक्ता मोहम्द नइमले अफगानिस्तानमा युद्ध सकिएको घोषणा गरे । 'हामीले जे खोजीरहेका थियौं त्यो प्राप्त गरी सक्यौं, हामीले खोजेको कुरा थियो हाम्रो राष्ट्रको स्वतन्त्रता र हाम्रो जनताको स्वाधिनता', जनतालाई सम्बोधन गर्दै प्रवक्ता मोहम्मद नाईमले भनेका छन्, 'हामी अरु कसैलाई कसैका विरुद्व हाम्रो भूमि प्रयोग गर्न दिने छैनौं र हामी कसैलाई नोक्सानी गर्न छैनौं ।'

धादिङको गजुरी गाउँपालिका वडा नं ५ मा जन्मिएका **रमेश पाठक** गायन क्षेत्रमा एक चर्चित नाम हो । सानैदेखि गीतसंगीतमा रुची राख्ने पाठकले आफ्नो पहिलो गीति एल्बम २०६० सालमा ल्याएका थिए । त्यसपश्चात उनका कयौं सांगीतिक कोशेली दर्शकमाझ आइसेका छन् । उनले व्यवसायिक गीतबाट सगरमाथा म्युजिक अर्वाड, मौलिक गीत र समसामयिक गीतबाट विभिन्न सम्मान पाइसकेका छन् । प्रस्तुत छ बहु प्रतिभाका धनी गायक **रमेश पाठक**सँग **मध्यान्ह दैनिक**का लागि रिशव गौतमले गरेको कुराकानीको सम्पादित अंश :

**गीतसंगीतमा कसरी प्रवेश गर्नुभयो, अलिकति पृष्ठभुमी बताइदिनुहोस् न ।**

मेरो जन्म २०४० साल फागुन २० गते धादिङको गजुरी गाँउपालिका वडा नं ५ मा भएको हो । बच्चैदेखि गीत संगीत सुन्ने र गाउने रुची भयो । स्कुले विद्यार्थी हुँदाताका नै रेडियो र पत्र पत्रिकाहरुमा बढी नै रुची राख्थें । किताब पढ्दा पनि रेडियो साथैमा हुन्थ्यो । सानैदेखि रुची भएरै यस क्षेत्रमा आएँ । एसएलसी सकेर काठमाडौं आउने बित्तिकै कलेज सँगसँगै म्युजिकको क्लासहरु लिएँ । क्लास शुरु गरेको ५-६ महिनापछि नै (०५९ सालमा) पहिलो गीत रेकर्डिङ गरें ‘मुस्कानको अर्थ बुझ मैले मुस्काउँदा’ भन्ने । ०६० सालमा पहिलो लोकदोहोरी एल्बम गाउँकै नाम राखेर ‘जाउन गजुरी’ भनेर निकालें । त्यसरी शुरु भयो मेरो सांगितीक यात्रा ।

**तपाईंका प्रायः सबै गीतहरू चलेका देखिन्छन्, सबै विधामा गाउन सक्ने क्षमता देखाउनु भएको छ, गायनका उतारचढाव र संर्घषबारे के भन्नुहुन्छ ?**

मैले सबै किसिमको गीतहरु सुन्थें । बढी रुची भनेको पप आधुनिकमा हो । त्यही भएर नै मैले पहिलो पप गीत नै रेर्कड गरें । सानैदेखि मेलोडी गीतहरु गुनगुनाउँथें । स्कुलदेखि घरसम्मको पैदल आधा घण्टा अझ बढी समयको थियो । त्यो समयमा मैले गीतहरु गुनगुनाउथें । जुन कम्पोज हुँदो रहेछ पछि थाहा भयो । पछि रेर्कड गर्दा मेरै कम्पोजिशन थियो । लिरिक्स पनि आफनै थियो । पप गीत त मैले गरें । त्यो समयमा के थियो भने एउटा एल्बममा ५-६ वटा गीत हुनैपर्थ्यो । त्यसको लागि खर्च धेरै लाग्थ्यो । एउटा गीतको १०-१२ हजार जस्तो लाग्थ्यो त्यो बेला । ५ वटा गीत गर्दा त्यो बेलामा ६०-७० हजार लाग्थ्यो ।

त्यो बेलाको लागि सो रकम ठुलो नै हुन आउँथ्यो । त्यसपछि लोकदोहोरी एल्बममा चाहिँ साइड ए, बी हुन्थ्यो । त्यसमा करिब १५-१८ हजारमा एल्बम निकाल्न सकिन्थ्यो । बुबा आमा, छरछिमेकका लागि चिनिन गाउँठाउँकै नाम राखेर ‘जाउन गजुरी’ नाम राखेर गीत गरें । मलाई खास दोहोरी फर्काउन आउँदैन । अहिले पनि आउँदैन । त्यसकारण मैले धेरैजसो पप आधुनिक सुन्छु ।

मेरा ती गीतहरु राम्रै रुचाइयो । पप गीत गाएँ, सबैले रुचाए । लोकदोहोरी गाएँ त्योपनि रुचाइयो । मेरो स्वर दुबैखालको गीतका लागि ठिक छ कि भन्ने मलाई पनि लाग्यो । त्यही भएर दुई वटै विधालाई सँगसँगै लिएर अघि बढेको छु । अहिले आएर मैले समसामायिक गीतहरु, मौलिक गीतहरु पनि गर्न थालेको छु । सबैमा मेरो उत्तिकै रुची छ ।

**कोरोना महामारीका बीच पनि तपाईंले उत्प्रेरणा जगाउने, सकारात्मकता जगाउने गीतहरू ल्याउनु भएको छ, त्यस्ता गीतहरू ल्याउनुको खास उद्देश्य ?**

म गायक मात्रै भएको भए त्यो सम्भव अलिकति कम हुन्थ्यो होला । तर इच्छा भएपछि जहाँबाट पनि गर्न त गरिन्छ । तर मलाई क्रियशनमा बढी रुची छ । त्यसकारणले लकडाउनको समयमा म त्यत्तिकै बसिरहनु भन्दा आफनो सानो क्रियशनले बजारमा मान्छेलाई केही सहानुभुति मिल्छ, केही कुरा प्रर्मोट गर्न पाइन्छ, केही प्रभाव पार्छ भन्ने हिसावले त्यसरी सोचेको हुँ । फेरि वर्षौंदेखि यसैमा लागेकाले संगीत क्षेत्रमै केही गरौं भन्ने लाग्छ । जुन माहोल छ त्यही माहोल मै काम गरौं भन्ने हुन्छ । त्यही हिसावले मैले समसामायिक गीतहरु ल्याउने गरेको छु ।

**तपाईंले गीत-संगीतको क्षेत्रमा स्थापित हुँदै गर्दा पाएका अवार्ड सम्मान पनि पाउनु भएको छ, हालसम्म पाएका अवार्ड तथा सम्मानबारे पनि केही बताइदिनुहोस् न ?**

व्यावसायिक गीतबाट सगरमाथा म्युजिक अवार्ड पाएको छु । तयसैगरी मौलिक गीत र समसामयिक गीतबाट विभिन्न सम्मान पाएको छु । मैले आफनै गाउँबाट पनि गत साल सम्मन प्राप्त गरेको थिएँ । गाउँ ठाउँलाई गीतमार्फत प्रमोट गरेको हिसावले मलाई सम्मान दिइएको थियो । मौलिक गीतहरु राम्रो गाएको हिसावले मैले ग्लोबल इन्टरनेशनल अवार्ड पाएको थिएँ । अहिले पनि दर्शक स्रोताहरुले अधिक मन पराएको ‘के गर्ने, के गर्ने’ नोमिनेशनमा परेको छ सर्वोकृष्ट गायन अवार्डका लागि । हेरौं के हुन्छ ।

**कोरोना महामारीले खासगरी अन्यत्र भन्दा ज्यादा कलाकारिता क्षेत्रमा बढी प्रभाव पारेको छ, धेरै कलाकार यसैका कारण टिक्न नसकेर पलाएन भए, यस्तोमा पनि तपाईंहरू के कसरी टिकिरहनुभएको छ ?**

कोरोनाले सबैलाई प्रभाव पारिरहेको छ । त्यो धेरै र थोरै भन्ने मात्रै हो । फिल्म क्षेत्रलाई धेरै नै परिरहेको छ । संगीत क्षेत्रमा पनि उत्तिकै प्रभाव छ । निरन्तरता हो । हामीले भित्र बसेर क्रियशन गर्न सक्छौं । गीत रचना गर्न सक्छौं, संगीत गर्न सक्छौं । भित्र बसेर माहोल मिल्यो भने रेकर्डिङ गर्न सक्छौं । कोरोना कहिले अन्त्य हुन्छ र पुरानै स्थितिमा फर्कन्छ भनेर अहिलेसम्म पर्खिएका छौं । त्यो बीचमा हामीले क्रियशन गरेरै समय बिताइरहेका छौं ।

**तपाईंका लोकप्रिय गीतहरूको चर्चा गर्नुपर्दा कसरी गर्नुहुन्छ ?**

आफना गीतहरु आफैंलाई त सबै मनपर्ने नै भयो । तर चर्चित गीतहरुको कुरा गर्दा अथवा दर्शक स्रोताले मन पराएको हिसावमा मौलिक गीतमा तीजको गीत छ ‘छोटो लुगा’ । त्यसैगरी मौलिक गीतमा दशैंको गीत छ । त्यसैगरी व्यावसायिक गीतमा ‘के गर्ने के गर्ने’ भन्ने जस्ता ३-४ वटा गीतहरु दर्शकले अत्याधिक मन पराएका छन् । युट्युबमा ४० लाख भन्दा बढीको भ्युज पनि पाएको छ । त्यसभन्दा अगाडिका क्यासेटका गीतहरुका कुरा गर्दा ‘जाउन गजुरी’, ‘तिमी बिना बाँच्न सक्दिन’ लगायत हिट थिए । यसरी मेरा विभिन्न विधाका गीतहरु छन् ।

**सांगितीक क्षेत्रमा लामो संर्घषका बाबजुत सफल हुनुहुन्छ, अहिलेपनि उत्तिकै सक्रिय हुनुहुन्छ, यो सफलताको पछाडि के छ ?**

मेरो सफलताको एउटा कडी भनेको निरन्तरता हो । निरन्तर प्रयास गरेकै कारण यस ठाउँमा आइपुगेको हुँ । निरन्तरता नभएको भए पक्कै पनि म यहाँसम्म आइपुग्दैनथें । जे कुरामा पनि निरन्तरता त्याग तथा मेहनत भयो भने सफल भइन्छ ।

**आगामी दिनका योजना के छन् ?**

तत्काल मेरो आफनै शब्द संगीतको नयाँ एल्बमको काम गर्दैछु । त्यसमा लभसङदेखि सेन्टिमेन्टल मिक्स गरेर, त्यो छिट्टै बजारमा ल्याउने तयारीमा छु ।

# ‘मिस नेपाल युएस’लाई अमेरिकामा ट्रेडमार्क



**काठमाडौं/मस-** ‘मिस नेपाल युएस’ ले अमेरिकामा औपचारिकरुपमा ट्रेडमार्क प्राप्त गरेको छ । १० वर्षसम्मको प्रकृया र लडाइपछि मिस नेपाल युएसले औपचारिक ट्रेडमार्क प्राप्त गर्न सफल भएको हो । सन् २०१७ को अक्टोबरमा आवेदन दिएको प्रतियोगिताले अहिले अमेरिकी सरकारको ट्रेडमार्क अफिसबाट औपचारिक रुपमा ट्रेडमार्क पाउन सफल भएको हो । सौन्दर्य प्रतियोगिताको प्रकृतिमा मनोरञ्जन मुलक श्रेणी ४१ मा ‘मिस नेपाल युएस’ ले ट्रेडमार्क प्राप्त गरेको छ । पहिलो पटक सन् २०११ को जुनमा प्रयोग भएको र अगस्तमा व्यवसायिक रुपमा प्रयोग भएको इतिहाससहित ट्रेडमार्क प्रमाणपत्र प्रदान गरिएको हो ।

मिस नेपाल युएसएका नाममा सन् २०११ मा ट्रेडमार्क लिन प्रयास गरिए पनि मिस युसएएले दावी गरेका कारण उक्त प्रयास सफल हुन सकेको थिएन । तर पछि मिस युएसएले ‘ए’ अक्षर हटाएर मिस नेपाल युएसमात्र कायम हुने गरी ट्रेडमार्कका लागि सहमति दिएको थियो । त्यसपछि सन् २०१२ को फ्रब्रुअरीमा मिस नेपाल युएसमात्र रहने गरी ट्रेडमार्क दर्ताको प्रयास भएपनि सफल हुन सकेको थिए । अमेरिकामा नेपालीहरु सम्बन्धित सौन्दर्य प्रतियोगिता गर्न ट्रेडमार्क पाउने यो पहिलो प्रतियोगिता हो । यसको नयाँ संस्करण १० औं वार्षिकोत्सवको अवसर पारेर सेप्टेम्बर २३ देखि २५ सम्म न्यूयोर्कमा आयोजना हुँदैछ ।


## SAUDI मा रोजगार Jawahart Alkhuld Trading Est.

LT No.: 245010

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | [illegible] | 1000 | ३१,१४५/- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

अन्तरवार्ता २०७८ भदौ २८ गते (13 Sept. 2021) यस प्रा. लि. को कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ ।

Global Overseas Services Pvt. Ltd.
Basundhara, Kathmandu, Tel: 01-4371146, 4377864



## साउदीमा रोजगार | कम्पनी : FAHAD SAAD AL MUTTALIB TRADING EST.
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/०७ चलानी नं.: ६०१६०४६३ LT. No.: 242938 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २८ गते (13 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

न्यू सृष्टि ओभरसिज प्रा. लि.
Govt. Lic No.: 1036/073/074
नयाँ बानेश्वर, काठमाडौं ,नेपाल, फोनः ४१०५१२५, फ्याक्सः ४४८८०८५
Email: info@newshristiovs.com, shristinewoverseas@gmail.com, Website: www.newshristiovs.com



## साउदीमा रोजगार | कम्पनी: AYED MUSLEH DEIF ALLAH AL HARBI EST GYPSUM DECORATIONS
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०४/२७ चलानी नं.: ६०१६१३९४ LT. No.: 243603 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २८ गते (13 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New Sambriddhi Overseas Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhi014@gmail.com



## साउदीमा रोजगारको अवसर | कम्पनी: ABV ROCK GROUP CO.LTD.
शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/०१/२७ चलानी नं.: ६०१५८३९२ LT. No.: 240387 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 2 | 0 | स. काममा दक्ष | 1125 | ३४,९५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २८ गते (13 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Miracle Employment Service (P.) Ltd
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Fax: 4415294, Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५



## साउदीमा रोजगारको अवसर | कम्पनी: HAMCO GENERAL CONTRACTING EST
शहर: NAJRAN

पूर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४७२ LT. No.: 244632

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २८ गते (13 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Nepal HR Solution Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

# भारतसँग नेपाल स्तब्ध

## किरणको कीर्तिमान, विशाल र राजको डेब्यू, तेजको पहिलो अन्तर्राष्ट्रिय गोल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ

अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपाल भारतसँग स्तब्ध भएको छ। साफ च्याम्पियनसिपको तयारीमा रहेको नेपाली राष्ट्रिय फुटबल टिमले भारतसँगको दोस्रो मैत्रीपूर्ण खेलमा २-१ को हार व्यहोरेको हो। पहिलो खेलमा १-१ को बराबरी खेलेको नेपाल दोस्रो खेलमा २-१ ले पराजित भएको हो ।

पहिलो हाफमा बराबरी भएको खेलमा यी तीन गोल दोस्रो हाफमा भएका थिए । नेपालका लागि एक मात्र गोल तेज तामाङले ८७ औं मिनेटमा गरेका हुन् । यसअघि भारतका लागि कप्तान सुनील क्षेत्री र फारुख चौधरीले एक एक गोल गरेका थिए ।

खेलको १३ मिनेटमा नेपालले अग्रता बनाउने मौका पाएको थियो। नेपालका लागि डि बक्सभित्र पाएको उत्कृष्ट मौकामा मनिष डाँगी चुक्न पुगेका थिए । उनले गोलकिपरसंगको वान भर्सेस वानको अवस्था बल प्रहार गर्नै सकेनन् । त्यस्तै २७ औं मिनेटमा नेपालका लागि आशिष् लामाले अग्रता बनाउने मौका पार्का थिए तर उनी चुक्न पुगे। पहिलो हाफको इन्ज्युरी टाइममा नेपालले पाएको मौकालाई सदुपयोग गर्न नसक्दा पहिलो खेल गोलरहित बराबरीमा सकिएको थियो । त्यस्तै दोस्रो हाफको चौथो मिनेटमा भारतीय फरवार्डको प्रहारलाई आयुश घलानले क्लियर गरिदिएका थिए ।

दोस्रो हाफको सातौं मिनेटमा भारतीय डिफेन्डर चिङ्लेन्साना कोन्सामको प्रहारलाई किरण चेम्जोङले उत्कृष्ट बचाउ गरेका थिए । दोस्रो हाफको १० औं मिनेटमा भारतीय डिफेन्डरलाई फल गरेपछि तेज तामाङले पहेँलो कार्ड पाएका थिए ।

खेलको ६२ औं मिनेटमा भारतका फारुख हाजि कसम चौधरीले गोल गर्दै भारतलाई अग्रता दिलाएका थिए । दोस्रो हाफमा अन्जन बिष्टको हेडिङ्लाई भारतीय गोलकिपरले बचाएका थिए । त्यस्तै अर्को मौकामा नेपालका लागि विशाल राईले करिब ४ मिटर पोस्ट नजिकबाट गोल गर्न सकेनन् ।

भारतीय टिमका प्रशिक्षक इगिर स्टिमिकले खेलको ७४ औं मिनेटमा पहिलो कार्ड पाएका थिए। खेलको ८० औं मिनेटमा भारतीय कप्तान सुनिल क्षेत्रीले गोल गर्दै टिमलाई २-० को अग्रता दिलाएका थिए । तर सुनीलले गोलको खुसी भने मनाएनन् । त्यसको ७ मिनेटपछि नेपालका लागि ८७ औं मिनेटमा तेज तामाङले उत्कृष्ट गोल गर्दै खेललाई २-१ को अवस्थामा पुऱ्याएका थिए ।



खेलको अन्तिममा नेपालले अवसर पाएपनि त्यसलाई आत्मसाथ गर्न सकेन । पहिलो खेलमा एक एक गोलको बराबरी खेलेको नेपालले दोस्रो खेलमा अन्तिममा हार्न पुग्यो।

साफ च्याम्पियनसिपको तयारीमा रहेका भारत र नेपालका लागि २ वटा मैत्रीपुर्ण खेल निकै फलदायी बनेका छने । अब नेपाल साफको थप तयारीका लागि केही दिनमा कतार जानेछ । त्यहाँ नेपालले करिब तीन साता प्रशिक्षण र स्थानीय क्लवसँग अभ्यास खेल पनि खेल्नेछ । साफमा नेपालले पहिलो खेलमा साविक विजेता माल्दिभ्ससँग खेल्नेछ ।

### किरणको कीर्तिमान



राष्ट्रिय फुटबल टिमका कप्तान तथा गोलकिपर किरण चेम्जोङ नेपालका लागि सर्वाधिक खेल खेल्ने खेलाडी बनेका छन् । आइतबार भारतविरुद्धको दोस्रो मैत्रीपूर्ण खेल शुरुवात गर्दै किरणले नेपालका लागि सर्वाधिक ७४ खेल खेल्ने कीर्तिमान बनाए ।

बिहीबार भएको भारतविरुद्धको पहिलो मैत्रीपूर्ण खेलमा पहिलो रोजाइमा खेल्दै किरणले विराज महर्जनको नाममा रहेको ७३ खेलको कीर्तिमान बराबरी गरेका थिए । लगातार दोस्रो खेलपछि किरणले पूर्वकप्तान विराजलाई पछि पारेका हुन् । विराजले गत चैतमा नेपालमा भएको थ्री नेसन्स कप फाइनलमा बंगलनदेशविरुद्ध वैकल्पिक खेलाडीको रुपमा खेल्दै ७३ क्याप जितेका थिए ।

### खेलबाट खुसी छु



नेपाली राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अबदुल्लाह अलमुताइरीले भारत विरुद्धको दोस्रो मैत्रीपूर्ण खेलमा राम्रो प्रदर्शन गरेको बताएका छन् । दशरथ रंगशालामा आइतबार भारतसँगको खेल २-१ ले गुमाएपछि पत्रकार सम्मेलनमा उनले नतिजा बिर्सँदा नेपाली टिमको प्रदर्शनबाट खुशी रहेको बताए।

मुख्य प्रशिक्षक अल्मुताइरीले नेपालले गोल गर्ने अवसर पाएपनि फिनिसिङ हुन नसकेको बताए । अलमुताइरीले तेज तामाङको गोल, विशाल श्रेष्ठ र राजन गुरुङको डेब्यु र नेपाली खेलाडीको प्रदर्शन खेलको राम्रो पक्ष रहेको बताए ।

यस्तै भारतका प्रशिक्षक ईगोर स्टिमाकले पहिलो खेल भन्दा राम्रो खेलेको र जितबाट खुशी रहेको प्रतिक्रिया दिए । उनले भारत र नेपाल दुबैले सुधारिएको प्रदर्शन गरेको बताए ।

### विशाल र राजको डेब्यू



लामो समयदेखि राष्ट्रिय टोलीमा दोस्रो रोजाइको गोलकिपर बनेका विशाल श्रेष्ठले आइतबार डेब्यू गरेका छन् । अब्लदुल्लाह अल्मुताइरीले आइतबार विशालसँगै राजन गुरुङलाई समेत डेब्यू गराएका थिए ।

भारतविरुद्धको दोस्रो मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेलको ८६औं मिनेटमा मैदान छिर्दै विशालले डेब्यू गरेका हुन्। उनी नियमित गोलकिपर किरणकुमार चेमजोङको स्थानमा मैदान छिरेका हुन् ।

राजन पनि ८६औं मिनेटमा मनिष डाँगीको स्थानमा मैदान प्रवेश गरेका थिए । मनिषले आइतबार गोलका दुई सुनौलो अवसर खेर फालेका थिए ।

## नेपाली महिला टिमले बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने



**काठमाडौं /मस–** नेपाली महिला राष्ट्रिय फुटबल टोलीले बंगलादेशसँग २ वटा मैत्रीपूर्ण अन्तर ष्ट्रिय फुटबल खेल खेल्ने भएको छ। दुवै खेल दशरथ रंगशालामा हुनेछन् । अखिल नेपाल फुटबल संघ-एन्फाका अनुसार सेप्टेम्बर ९ र १२ तारिखमा ती खेलहरु हुने छन् ।

नेपालले एएफसी महिला एसिया कप छनोटका लागि तयारी गरिरहेको छ । उक्त छनोट प्रतियोगितामा नेपालले हङकङ, फिलिपिन्स र उज्वेकिस्तानसँग खेल्ने छ। उज्वेकिस्तानमा आयोजना हुने एएफसी महिला एसियन कप २०२२ अघि एन्फाले बंगलादेशसँग दुई मैत्रीपुर्ण खेलको आयोजना गर्न लागेको हो । महिला एसियन कपका लागि प्रशिक्षक ग्यारी फिलिप्सले ६ नयाँ खेलाडीलाई समेट्दै २३ सदस्यीय टिमको घोषणा गरिसकेका छन् । आउँदो भदौ २४ र २७ गते घरेलु मैदान दशरथ रंगशालामा हुने राष्ट्रिय महिला टिमको खेल हेर्नका लागि एन्फाले टिकट मुल्य समान्यतर्फ २ सय र भीआइपीतर्फ ५ सय तोकेको जनाएको छ। खेलका लागि बंगलादेशको टिम भोली नेपाल आइपुग्नेअखिल नेपाल फुटबल संघ एन्फाले जानकारी दिएको छ।

## नेपाल आइपुग्यो पारालिम्पिक टिम

**काठमाडौं /मस–** जापानमा जारी टोकियो पारालिम्पिक खेलकुदमा सहभागिता जनाएको नेपाली टिम आइतबार नेपाल आइपुगेको छ । पारालिम्पिकका लागि जापान गएका ६ सदस्यीय नेपाली टिम आइतबार नेपाल आइपुगेको छ ।

टोकियो पारालिम्पिकमा नेपालकी पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धनले प्रतिस्पर्धा गरेकी थिइन् । पलेशाले के ४४ क्याटगोरीअन्तर्गत महिला ५८ केजीमुनि तौल समूहमा प्रतिस्पर्धा गरेकी थिइन् । तर, पलेशा ऐतिहासिक कास्य पदक जित्न असफल भएकी थिइन् ।

रिपिचेजको फाइनलमा पलेशा चीनकी युजी लीसँग पराजित भएकी थिइन् । पारालिम्पिकमा कविराज नेगी लामा प्रशिक्षक, दीपक विष्ट अफिसियल, सरोज श्रेष्ठ सेफ दि मिसन, डा. दीपक श्रेष्ठ फिजियो र विश्वास बस्नेत कोभिड लाइसेन्स अफिसरका रुपमा सहभागी भएका थिए ।


**हेराल्ड ईन्टरनेशनल प्रा.लि.को सार्वजनिक सूचना**

वैदेशिक रोजगार सञ्चालन गर्न श्रम इजाजत नं. ५१३/०६१/०६२ को यस **हेराल्ड ईन्टरनेशनल प्रा. लि.**ले आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | कतार | ७ | ० | ७ |
| २. | साउदी अरब | ११८ | ० | ११८ |
| | कुल जम्मा | ११८ | ० | कुल जम्मा १२५ जना |

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४४७५३३९, ४४६८६९७, ४४७६६०३



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७२।०५।१८ मा दर्ता भएको **प्रा.लि.नं.१४०१०२** को **एस.एन.ईमेजिङ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८।५।१५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**साउदीमा रोजगार** | कम्पनी: HATEM AWAD MOHAMMED AL BALAWI CONTRACTING EST.
शहर : TABUK

पुर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४७३ L.T. No.: 244801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २० गते (13 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



**Madi Municipality**
**Office Of The Municipal Executive**
**Madi, Sankhuwasabha**
**Province No 1, Nepal**

**Invitation for Sealed Quotation**

**Date of First Publication : 2078/05/21**

1. Madi Municipality, Office Of The Municipal Executive, Madi, Sankhuwasabha invites sealed quotations from registered firm/company for the Supply and Delivery of Steel Tubuler Pole, Contract No:- MM/G/SQ/02/078-79
2. Eligible Bidders may obtain further information at Madi Municipality Office, Madi, Sankhuwasabha during office hours or may visit E-procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp.
3. Bidders should purchase the bid document electronically through E-procurement section of PPMO's web portal. Bidder should deposit the cost of bidding document **NRs. 1,000.00** (non-refundable) in the Municipality's Rajaswa (revenue) account no either by direct deposit or by Tele-transfer of deposit in the Municipality Office account for the purchase of the bids as specified below and electronic scanned copy (PDF format) of the Bank deposit voucher or Tele-transfer certificate shall also be submitted along with the electronic bid files.
   **Information to deposit the cost of bidding document in Bank:-**
   **Name of the Bank:-** Himalayan Bank Ltd, Madi Branch
   **Name of office:-** Madi Municipality, Madi, Sankhuwasabha
   **Kosh Account no.:-** 06007632080044 (for bid document purchase)
   **Dharauti Account no.:-** 06007632080034 (for bid security Amount)
4. Bidders should submit their bid electronically through E- procurement section of PPMO's Web portal www.bolpatra.gov.np/egp. as specified in the Instruction to Bidders on or before 12:00 hrs on 2078/06/05. Late bid will be rejected. Bids shall be opened at **14:00 hours** on the same day of bid submit in the presence of the bidders or their representatives who choose to attend.
5. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs NRs. 30,000.00 issued by "A" class commercial bank, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day. In such a case the validity of bid security shall be considered from already specified last date for bid submission.
7. The Municipality office reserves the right to accept or reject, wholly or partly any or all the sealed bids without assigning reason, whatsoever.

**Details Of Works**

| S.N. | Sealed Quotation No. | Name of Project | Location | Estimated Cost including VAT |
|---|---|---|---|---|
| 1 | MM/G/SQ/02/078 -79 | Supply and Delivery of Steel Tubuler Pole | Madi Municipality, Ward no :8, Mawadin | NRs. 11,77,152.64 |

**Chief Administrative Officer**



**बागमती प्रदेशको काठमाण्डौ जिल्ला चन्द्रागिरी नगरपलिका वार्ड नं.२ मा लार्के हिमाल जडिबुटी उद्योग निर्माण तथा संचालन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति २०७८/०५/२१**

लार्के हिमाल जडिबुटी उद्योग प्रा. लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | लार्के हिमाल जडिबुटी उद्योग प्रा.लि.<br>चन्द्रागिरी नगरपलिका, वडा नं.२, काठमाण्डौ<br>बागमती प्रदेश, नेपाल<br>फोन नं.: +९७७ ९८५११४९४८० |
| **प्रस्तावको व्यहोरा** | जडिबुटी प्रशोधन गरी विभिन्न सामान उत्पादन गर्ने उद्योग<br>उद्योग रहने कित्ता नं. २०४ र २९४<br>उद्योगले प्रस्ताब गरेको कुल क्षेत्रफ़ल : १३०३.५९ वर्ग. मि.<br>उत्पादन हुँने बस्तुहरु : साबुन, सुगन्धित तेल, ग्रीन चिया पत्ती, मह र दन्त मन्जन |
| **प्रभाव पर्ने सक्ने जिल्ला/न.पा.** | काठमाण्डौ जिल्ला/ चन्द्रागिरी नगरपालिका वडा नं.२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न चन्द्रागिरी नगरपालिका वडा नं.२ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | लार्के हिमाल जडिबुटी उद्योग प्रा.लि.<br>चन्द्रागिरी नगरपलिका, वडा नं.२, काठमाण्डौ<br>बागमती प्रदेश, नेपाल<br>फोन नं.: +९७७ ९८५११४९४८० |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा. लि.<br>काठमाडौं महानगरपालिका,<br>वडा नं. १०, बबरमहल, काठमाडौं ।<br>फोन नं. +९७७ ९८५१२०३४५३<br>इमेल ghrc018@gmail.com |



**मोटरसाइकल हराएको सूचना**

मिति २०७८/०३/२६ गते १९:०० बजे देखि २१:०० बजेको बीचमा का.जि. का.म.न.पा. वडा नं. २६ होटल पर्वत सम्झना गेष्ट हाउस अगाडी पार्किङ्ग स्थलबाट बा.प्र. ०२-०२५ प ६५२२ नम्बरको कालो कालो निलो रंगको २२० सिसि पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

सवारी धनीः फुर्पा दिण्डुप थोक्रा
च्यासिस नंःMD2A13EXOMCL8447
इन्जिन नंः DKXCML61305
सम्पर्कः 9851183256



**रातोमाटोको व्यापार !** पाँचथरको फिदिम नगरपालिका–४, चारखम्बेमा रातोमाटो बिक्रीका लागि ग्राहकको प्रतीक्षामा बसेका महिला । मेची राजमार्ग छेउमा राखिएको माटो पाँचथर, ताप्लेजुङ, तेह्रथुम गाउँका नागरिक खरिद गरी घर लिपपोतका लागि लैजाने गर्छन । तस्बिर: रवीन्द्र काफ्ले/रासस

### पर्यटन क्षेत्रप्रति सरकारको बेवास्ता

# पर्यटन श्रमिकहरू उत्रिए आन्दोलनमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० भदौ ।

कोरोना महामारीको चपेटामा परेका पर्यटन श्रमिकहरू आन्दोलनमा उत्रिएका छन् । आफ्नो जीविकाको समस्या पटक-पटक सम्बन्धित निकायहरुमा पेश गर्दा पनि सरकारले बेवास्ता गरेको भन्दै पर्यटन श्रमिकहरू आन्दोलनमा उत्रिएका हुन् । स्वतन्त्र पर्यटन श्रमिकहरूको छाता संगठन नेपाल स्वतन्त्र पर्यटन श्रमिक संघ (निटोग) ले शनिबार एक अपिल जारी गर्दै आन्दोलनको आव्हान गरेको हो ।


नेपाल पर्यटन बोर्डले सीमित व्यक्तिको पहुँचमा पुग्ने गरि पर्यटन श्रमिक कल्याणकारी कोष परिचालन गर्ने बाटो लिएको र अनेकन मुद्दामा बहुसंख्यक श्रमिकको भावना कुल्चेको निटोगको आरोप छ । यस्तै, युएनडिपी र नेपाल पर्यटन बोर्डले चलाउन लागेको पर्यटन श्रमिक लक्षित अल्पकालीन रोजगारी कार्यक्रममा बोर्डले ढिलासुस्ती गरेको पनि अपिलमा उल्लेख छ ।

पूर्ण मात्राको खोप लगाई पिसिआर नेगेटिभ रिपोर्ट लिएर नेपाल आउने पर्यटकलाई समेत क्वारेन्टाइन बस्नुपर्ने नियमले पर्यटकहरुलाई नेपाल आउन निरुत्साहित गरेको र यसले दक्ष पर्यटन श्रमिकहरुमा अनिश्चित भविष्यको चिन्ता र निराशा बढाएको निटोगका अध्यक्ष रामकाजी तिवारी 'प्रयास'ले बताएका छन् । यस्तो परिवेशले पर्यटनका दक्ष जनशक्ति पलायन हुने पर्यटन श्रमिकहरुको बुझाइ छ ।

कोभिड महामारीबाट सबैभन्दा पहिले र बढी प्रभावित पर्यटन क्षेत्र अहिले शून्य गतिविधिको अवस्थामा छ । यस्तो गम्भीर अवस्थाको ख्याल गर्दै पर्यटन श्रमिकको जीविकालगायतका अनेकन मुद्दा निटोगले उठाएको छ । निटोगले माग पूरा नभएसम्मको लागि सोमबारदेखि अनिश्चितकालीन शान्तिपूर्ण आन्दोलन गर्ने पनि घोषणा गरेको छ ।

### राष्ट्र बैंकको शेयर कर्जासम्बन्धी नयाँ नीति

# शेयर बजारमा देखियो अस्वभाविक प्रभाव



**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २० भदौ ।

साताको पहिलो दिन आइतबार नेप्सेमा उच्च अंकले गिरावट आएको छ । केहि दिनदेखि निरन्तर घटिरहेको शेयर बजारमा आइतबार अस्वभाविक रुपमा १०८ अंकको गिरावट देखिएको हो ।

आइतबार बजार खुलेदेखि नै लगातार ओरालो लागेको नेप्सेमा दुई घण्टा नबित्दै नकारात्मक सर्किट लागेको थियो । १२ बजेर ५९ मिनेटमा नेप्से ५.०३ प्रतिशतले घटेपछि ४० मिनेटका लागि सर्किट ब्रेक लगाएर बजार बन्द गरिएको थियो । त्यसपछि खुलेको बजारमा केही अंकमा सुधार भए पनि बजार बन्द हुँदासम्म पुनः १०८ भन्दा बढी अंकले नेप्से ओरालो लागेको हो । आइतबार नेप्से घटेर २८१८.७३ विन्दुमा ओर्लिएको छ ।

आइतबार नेप्सेमा कूल ११ अर्ब २४ करोड तीन लाख ९१ हजार रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । कूल २२३ वटा कम्पनीका दुई करोड ३० लाख ७९ हजार ८३२ कित्ता शेयर एक लाख २९ हजार १४२ पटक खरिद-बिक्री भएका थिए ।

बजारमा उच्च अंकले गिरावट आएको दिन आइतबार १४ वटा कम्पनी बाहेक अन्य सबै कम्पनीको शेयर मूल्य घटेको छ । जसमध्ये, सानिमा लाइफ इन्स्योरेन्सको शेयर मूल्यमा ९ प्रतिशतको वृद्धिसँगै शेयर मूल्य ३७३ रुपैयाँ पुगेको छ ।

आइतबार नेप्सेमा कारोबार भएकामध्ये १३ वटा कम्पनीको शेयर मूल्यमा नकरात्मक सर्किट लागेको छ । यी कम्पनीमा १० प्रतिशतको गिरावट आएको हो । यस्तै, अन्य १८ वटा कम्पनीको शेयर मूल्यमा ९ प्रतिशतभन्दा बढीको गिरावट आएको छ ।

बजार घटेको दिन १३ वटै समूह रातात्मे भएका छन् । जसमध्ये, निर्जीवन बीमामा ५१९ अंक, जीवन बीमा समूहमा ५११, विकास बैंकमा ३९४ र वित्तमा २३९ अंक, व्यापार र जलविद्युतमा समान २१६ अंकको गिरावट आएको छ । यसैगरी, जलविद्युतमा १६२ अंकको र उत्पादनमूलक समूहमा १७५ अंकको गिरावट आएको नेप्सेले जानकारी दिएको छ ।

शेयर धितो कर्जासम्बन्धी नेपाल राष्ट्र बैंकले नयाँ नीति ल्याएसँगै शेयर बजारमा प्रभाव देखिन थालेको थियो । केन्द्रीय बैंकले शेयर धितो कर्जामा १२ करोडको सीमा तोकेको थियो ।

केन्द्रीय बैंकको नयाँ नीतिअनुसार शेयर धितो राखेर लगानीकर्ताले बढीमा १२ करोड रुपैयाँसम्म ऋण लिन पाउँछन् । जसबाट लगानीकर्ता सिधा प्रभावित भएपछि शेयर बजारमा असर देखिएको हो ।

### लगानीकर्ता आक्रोशित, केन्द्रीय बैंक घेराउको चेतावनी

शेयर लगानीकर्ताहरूले नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय घेराउ गर्ने चेतावनी दिएका छन् । केन्द्रीय बैंकले शेयर कर्जा सीमा १२ करोड तोकेपछि बजार प्रभावित बनेको भन्दै उनीहरुले घेराउ गर्ने चेतावनी दिएका हुन् ।

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत एक जना लगानीकर्ताले एउटा बैंक तथा वित्तीय संस्थाबाट ४ करोड र कुल १२ करोड रुपैयाँ मात्रै ऋण लिन पाउने व्यवस्था गरेको थियो । यो व्यवस्था गरिएपछि बजार प्रभावित बन्दै निरन्तर घटिरहेको छ । जसको प्रभाव आइतबार निकै नराम्रो देखिएको छ ।

आइतबार बजार बन्द हुँदासम्म पुनः १०८ भन्दा बढी अंकले नेप्से ओरालो लागेको थियो । आइतबार नेप्से घटेर २८१८.७३ विन्दुमा ओर्लिएको थियो । बजार घट्नुको कारण गर्भनर भएकाले केन्द्रीय बैंकको केन्द्रीय कार्यालय घेर्ने चेतावनी लगानीकर्ताले दिएका हुन् ।

उनीहरुले राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीको पनि राजीनामा माग गरेका छन् । शेयर बजारमा सकरात्मक प्रभाव ल्याउन चाहिने आवश्यक नीति ल्याउन उनीहरुले आइतबार दिनभरसम्मको समयसीमा दिएका थिए ।

# विवादित बिलबोर्डको २६ महिनादेखि विद्युत महशुल तिर्न बाँकी



**हिमेश बि.क/मध्यान्ह**
धनगढी, २० भदौ ।

जडान भएदेखि विवादमा तानिँदै आएको बिलबोर्ड कम्पनीले २६ महिनादेखि विद्युत महशुल नबुझाइएको पाइएको छ । कैलालीको अत्तरिया चोकमा जडान गरिएको उक्त बिलबोर्डका नाममा जडान भएको मिटरको २०७६ साउन यता महशुल नतिरेको पाइएको हो ।

बिलबोर्ड जडान गरेको क्यालडोन ग्राफिक्स नेपाल नामक कम्पनीले २६ महिनाको २ लाख ११ हजार ७ सय ८८ रुपैयाँ विद्युत महशुल तिर्न बाँकी देखिएको अत्तरिया नो लाईटले मध्यान्हलाई जानकारी दिएको छ । नो लाईटका अनुसार क्यालडोन ग्राफिक्स नेपाल कम्पनीको नाममा २०७६ बैशाख महिनामा २ फेजको मिटर जडान भएको छ ।

मिटर जडान भएपछि २०७६ असार १७ गते १७ हजार ७ सय ३० रुपैयाँ तिरेको देखिएपनि त्यसयता विद्युत महशुल नतिरेको नो लाईटका कर्मचारी गुणराज भट्टले मध्यान्हलाई बताए ।

क्यालडोन ग्राफिक्स नेपालका संचालक कृष्ण आचार्यले शुरुदेखि नै काम गर्न नदिएकाले महशुल पनि नतिरेको बताए । उनले बिलबोर्ड संचालन नै गर्न नपाएकाले विद्युत महशुल पनि नतिर्ने बरु लाइन काटिदिए फरक नपर्ने बताए । 'काम गर्न नगरपालिकाले नदिने अनि महशुल मात्रै कसरी तिर्ने,' उनले मध्यान्हसँग भने, 'जसले काम गर्न दिएको छैन उसैले महशुल तिर्नुपर्छ ।'

उनले लाखौं रकम खर्च गरेर बिलबोर्ड राखेको र नगरपालिकासँगको सम्झौताअनुसार काम गर्न नपाएपछि आफू घाटामा गएको बताए ।

व्यावसायिक प्रयोजनका लागि अत्तरिया चोकमा राखिएको उक्त बिलबोर्डबाट गोदावरी नगरपालिकाले समेत फाइदा लिन सकेको छैन । बिलबोर्ड जडानपछि नगरपालिकाको आन्तरिक आय वृद्धि हुने भनिएपनि सम्झौताअनुसार काम नहुँदा करसमेत उठ्न सकेको छैन ।

गोदावरी नगरपालिकाका आन्तरिक लेखा परीक्षण शाखाका अधिकृत राजेन्द्र प्रसाद जोशीले नगरपालिकाभित्र जडान भएका सम्पूर्ण व्यावसायिक प्रयोजनका विज्ञापनको कर ठेकेदारमार्फत उठाउने गरिएको बताए । उनले बिलबोर्डमा पनि व्यावसायिक प्रयोजनका सामग्री राखे बापत कर लिने सम्झौता भएको मध्यान्हलाई बताए ।

उता क्यालडोन ग्राफिक्स नेपालका संचालक आचार्यले कामै गर्न नपाएपछि कर पनि नतिरेको बताए । उनले नगरपालिकासँग काम गर्ने वातावरण बनाइदिन पटक-पटक आग्रह गरेपनि आफ्नो मागको सुनुवाइ नभएको बताए ।

बिलबोर्डमा पछिल्लो समय गोदावरी नगरपालिकाले नेपाल भ्रमण वर्षका पोष्टर राखेको छ । तर, लामो समयदेखि बेवास्ताका कारण ती पोष्टर पनि च्यातिएर झुत्रो भएका छन् ।

व्यावसायिक प्रयोजनका सामग्री राखिएको भन्दै स्थापनाकालदेखि नै बिलबोर्डमा स्थानीयले विरोध गर्दै आएका छन् । बिलबोर्ड व्यावसायिक प्रयोजनका विभिन्न कम्पनीका विज्ञापन राखिएपछि स्थानीयले चोक कुरुप बनेको भन्दै विज्ञापन नै च्यातेका थिए ।

त्यसपछि नगरपालिकाले बिलबोर्डमा सुदूरपश्चिमका पर्यटकीय क्षेत्र झल्कने सामग्री राखेको थियो । अहिले आएर नगरपालिकाले पनि वास्ता नगर्दा बिलबोर्डले चोक झन कुरुप बनेको छ । बिलबोर्डमा लाइटसँगै तापक्रम र समयसमेत देखिने सामग्री राखिएका भएपनि पछिल्लो समय ती सामग्रीले पनि काम गर्न छोडेको स्थानीयले बताएका छन् । गोदावरी नगरपालिका र क्यालडोन ग्राफिक्स नेपालबीच चोकमा १५ वर्षसम्म बिलबोर्ड राख्ने सम्झौता भएको थियो ।

# आइजीआईले ४० प्रतिशत हकप्रद शेयर निष्काशन गर्ने

**काठमाडौं/मस-** आइएमई जनरल इन्स्योरेन्स कम्पनीले ४० प्रतिशत हकप्रद शेयर निष्काशन गर्ने भएको छ ।

कम्पनीले बोनश शेयर वितरणपछि कायम चुक्ता पूँजीको ४० प्रतिशत (१०:४) का दरले हकप्रद शेयर जारी गर्नका लागि गत बिहिबार नेपाल धितोपत्र बोर्डमा निवेदन दर्ता गरेको हो ।

कम्पनीको हालको चुक्ता पूँजी १ अर्ब १५ करोड ७६ लाख रुपैयाँ छ । ४० प्रतिशत हकप्रद शेयर निष्काशनपछि कम्पनीको चुक्ता पूँजी १ अर्ब ६२ करोड ६ लाख रुपैयाँ पुग्नेछ ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
प्रदेश नं. १, नेपाल
कारोना भाइरसको दोस्रो लहरलाई कसरी रोकथाम गर्ने ?
जनहितमा जारी सन्देश
कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा मुख र नाकबाट निस्किएको पानीका स-साना थोपा तपाईका आँखा, नाक र मुखमा पुगेपछि फैलन्छ । बिरामीबाट निस्किएको र्‍याल टाँसिएको ढोकाका चुकुल, कलम, भर्‍याङजस्ता वस्तु छुँदा र हात मिलाउँदा पनि भाइरस फैलन सक्छ ।
सामान्य लक्षण
रूघा लाग्नु शरीर दुख्नु
घाटी दुख्नु
सास फेर्न अप्ठेरो हुनु
शुक्खा खोकी लाग्नु
ज्वरो आउनु
रोकथामका उपायहरू
मास्कको प्रयोग गर्ने: खोकी लाग्दा डिस्पोज गर्न मिल्ने खालको टिस्यु पेपर वा मास्क प्रयोग गर्नुहोस र तत्काल डस्टबिनमा फ्याँक्नुहोस । एउटै मास्क एक दिन भन्दा बढी प्रयोग नगर्नुहोस ।
व्यक्तिगत सामान नबाँड्ने: कलम, माउस र डिजिटल उपकरण जस्ता अरूका व्यक्तिगत सामान प्रयोग नगर्नुहोस् ।
आफ्नो अनुहार नछुने: आफ्नै आँखा, कान र नाक नछुनुहोस । किनभने यहीं बाट तपाईको शरीरमा भाइरस प्रवेश गर्न सक्छ ।
सामाजिक दूरी कायम गर्ने : सम्भव भएसम्म धेरै मानिस भेला हुने सभा सम्मेलनमा नजानुहोस् । किनभने त्यस्ता ठाउँमा बिरामी छ र कसलाई संक्रमण छ भन्ने तपाईलाई थाहा हुँदैन ।
राम्ररी हात धुने : शंकास्पद दूषित सतह छोएपछि साबुन पानीले राम्ररी हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
स्वास्थ्य सल्लाह लिन नहिच्किचाउने: बिरामी हुने बितिकै स्वास्थ्य सल्लाह लिनु राम्रो हुन्छ । भाइरसका लक्षण देखिए तत्काल चिकित्सकलाई देखाउनुहोस ।
आफ्नो मानसिक स्वास्थ्यलाई सबल राख्नुहोस
फुर्तिलो रहनुहोस : आफ्नो दिमाग र शरीरलाई हल्का व्यायाम, योग वा ध्यानजस्ता गतिविधिहरूमा संलग्न गराउनुहोस । आवश्यक परेमा विज्ञहरूको सहयोग लिन नहिच्किचाउनुहोस ।
फुर्तिलो रहनुहोस : कोभिड-१९ महामारीको अवस्था सबैका लागि तनावपूर्ण समय हो । च्याट वा भिडियो कलजस्ता प्रविधिको सदुपयोग गरी आफ्ना प्रियजनहरूसंग सम्पर्कमा रहनुहोस ।
मिथ्या र गलत समाचारबाट पन्छिनुहोस : सबैले मिथ्या र वास्तविक समाचारबीच भिन्नता बुझ्न जरुरी छ । तपाईले सामाजिक सञ्जालमा पढ्ने सबै सामग्री सत्य हुदैनन् । सकेसम्म सामाजिक सञ्जालमा बिताउने समय सीमित गर्नुहोस ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**